वैशाख - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क २ | २०७९ वैशाख १६-३१ | पूर्णाङ्क ७१६



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्स: ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| ................................................, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १४ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | १० |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | २ |
| **जम्मा** | **३७** |

| | |
|---|---|
| इजलास नं. ९ | ४ |
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १५ | ५ |
| **जम्मा** | |

**कूल जम्मा ३७ + १५ = ५२**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, वैशाख – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ – १६** |
| १. | जबरजस्ती करणी | दिनेश परियार वि. नेपाल सरकार | १ |
| २. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. श्याम शाही | ३ |
| ३. | उत्प्रेषणसमेत | ब्लु हेवन सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि. वि. नेपाल विद्युत् प्राधिकरण, गण्डकी प्रादेशिक कार्यालय, पार्दी, पोखरासमेत | ४ |
| ४. | उत्प्रेषण, परमादेश | अधिवक्ता नित्यनारायण प्रजापति वि. काठमाडौं जिल्ला अदालतसमेत | ५ |
| ५. | बन्दी प्रत्यक्षीकरण | सन्तबहादुर थापा वि. श्री उच्च अदालत पाटनसमेत | ६ |
| ६. | अंश चलन | धनकुमारी भन्ने गनकुमारी गुरूङ वि. बसन्त गुरूङसमेत | ७ |
| ७. | उत्प्रेषणसमेत | हारती वायर इन्डष्ट्रिज प्रा.लि. वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, काठमाडौंसमेत | ८ |
| ८. | बन्दी प्रत्यक्षीकरण समेत | कृष्णप्रसाद हुमागाई वि. उच्च अदालत पाटनसमेत | १० |
| ९. | निषेधाज्ञा | नन्दे केवट वि. मालपोत कार्यालय, रूपन्देहीसमेत | ११ |
| १०. | बन्दी प्रत्यक्षीकरण | प्रमोदप्रसाद साह वि. सरस्वती पुलामी मगर साहसमेत | १२ |
| ११. | निषेधाज्ञा | राम एकवाल ठाकुर भन्ने रामएकवाल दास वैष्णव वि. अवधेश चौधरी भन्ने अवधेश दास वैष्णव | १४ |
| १२. | अंश चलन | मंगल सिंह राजवंशी वि. भद्रप्रसाद राजवंशीसमेत | १४ |
| १३. | अप्राकृतिक मैथुन | नेपाल सरकार वि. ०४-२-न | १५ |
| १४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मुक्तबहादुर अधिकारी | १६ |
| **इजलास नं. २** | | | **१७ – १८** |
| १५. | लिखत बदर | लक्ष्मणकुमार कँडेल वि. यदुकुमार सेढाई | १७ |

| | | | |
|---|---|---|---|
| १६. | बन्दी प्रत्यक्षीकरण | रामबहादुर कुँवर वि. जिल्ला प्रहरी कार्यालय, स्याङ्जासमेत | १७ |
| **इजलास नं. ३** | | | **१८ – २२** |
| १७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. चन्द्र कटुवाल | १८ |
| १८. | जबरजस्ती करणी | बिशाल वि.क. वि. नेपाल सरकार | १९ |
| १९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. बिलबहादुर गुरूङसमेत | २१ |
| **इजलास नं. ४** | | | **२२ – २४** |
| २०. | ठगी | नेपाल सरकार वि. कुमार विश्वकर्मा | २२ |
| २१. | लागु औषध अफिम | पूर्णबहादुर पुन वि. नेपाल सरकार, रामु घर्ती वि. नेपाल सरकार | २३ |
| **इजलास नं. ५** | | | **२४ – ३३** |
| २२. | हक कायम जग्गा दर्ता नामसारी समेत | देवकी श्रेष्ठ वि. मिथिलेश्वरी अमात्यसमेत | २४ |
| २३. | बन्दी प्रत्यक्षीकरण | अजम रोकाया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २५ |
| २४. | बन्दी प्रत्यक्षीकरण | मोहनबहादुर कार्की वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २६ |
| २५. | हाडनातामा जबरजस्ती करणी | अर्जुन वि.क. वि. नेपाल सरकार | २७ |
| २६. | परमादेशसमेत | विष्णुप्रसाद बास्तोला वि. सहरी विकास मन्त्रालयसमेत | २८ |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर मुसहर | २८ |
| २८. | बन्दी प्रत्यक्षीकरण | सत्यमान लामा वि. उच्च अदालत पाटन, ललितपुरसमेत | २९ |
| २९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रेवतीप्रसाद घिमिरे | ३० |
| ३०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. वैद्य नारायण यादव भन्ने वेदनारायण यादव | ३१ |
| ३१. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | नेपाल सरकार वि. विनिता भन्ने डिल्लीमाया कार्की | ३२ |
| **इजलास नं. ६** | | | **३३ – ३५** |
| ३२. | बन्दी प्रत्यक्षीकरण | टिकाराम रखाल वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत | ३३ |

| | | | |
|---|---|---|---|
| ३३. | अंश चलन | मातृकाप्रसाद थापा वि. धनमाया कुँवर | ३४ |
| इजलास नं.७ | | | ३५ - ३६ |
| ३४. | लागु औषध (डाइजेपाम समेत) | नेपाल सरकार वि. संगित के.सी. | ३५ |
| ३५. | सामूहिक जबरजस्ती करणी | नेपाल सरकार वि. गोबर्धन बस्नेतसमेत | ३५ |
| इजलास नं.८ | | | ३६ - ३८ |
| ३६. | उत्प्रेषण | सरस्वतीकुमारी गौतम वि. श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय औराहासमेत | ३६ |
| ३७. | परमादेश | श्रीहरि अर्यालसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३७ |
| इजलास नं.९ | | | ३९ - ४३ |
| ३८. | उत्प्रेषण | लाप्ची डाटा सलुसन प्रा.लि.समेत वि. मालपोत कार्यालय, चावहिल काठमाडौंसमेत | ३९ |
| ३९. | डाँका चोरी | प्रदीप तामाङ वि. नेपाल सरकार | ४० |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बिरू डगौरा | ४१ |
| ४१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रामबहादुर गुरूङसमेत | ४२ |
| इजलास नं.१० | | | ४३ - ४५ |
| ४२. | अंश | मोहमद तरावसमेत वि. हद्दिस मुसलमानसमेत | ४३ |
| ४३. | बैंकिङ कसुर | तोर्ण राज राउत वि. नेपाल सरकार, नेपाल सरकार वि. ललित बोहरासमेत, विष्णुप्रसाद निरौला वि. नेपाल सरकार, शुरेश बोहरा वि. नेपाल सरकार | ४४ |
| इजलास नं.११ | | | ४५ - ४६ |
| ४४. | निषेधाज्ञा | सतना भन्ने सत्यनारायण यादवसमेत वि. पर्शुराम यादवसमेत | ४५ |
| ४५. | जग्गा दर्ता बदरसमेत | लक्ष्मी तुलाधरसमेत वि. सावित्री ढकालसमेत | ४६ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१२** | | | **४६ - ४९** |
| **४६.** | लागु औषध हेरोइन | छठु राउत कुर्मी वि. नेपाल सरकार | **४६** |
| **४७.** | कर्तव्य ज्यान | सन्ध्या शेर्पा वि. नेपाल सरकार | **४७** |
| **इजलास नं.१५** | | | **४९ - ५२** |
| **४८.** | अवैध रूपमा वन्यजन्तुको ओसारपसार तथा बिक्री वितरण गरेको | अमिन आलम वि. नेपाल सरकार, महम्मद राजु वि. नेपाल सरकार | **४९** |
| **४९.** | कर्तव्य ज्यान | कमलकुमार राई वि. नेपाल सरकार | **५०** |
| **५०.** | उत्प्रेषणयुक्त परमादेशसमेत | राजकुमार तामाङ वि. पुनरावेदन समिति, कार्यरथी विभाग (प्राड बिवाक), जङ्गी अड्डा, नेपाली सेना, भद्रकाली काठमाडौं | **५१** |
| **५१.** | बेरितको करार बदर घोषित गरिपाउँ | किशोर श्रेष्ठ वि. अञ्जना स्थापित | **५१** |
| **५२.** | बन्दी प्रत्यक्षीकरण | नरेश राउत कुर्मी वि. उच्च अदालत पाटनसमेत | **५२** |

**इजलास नं.१**

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७५-CR-१७१३, जबरजस्ती करणी, दिनेश परियार वि. नेपाल सरकार*

साधारणतया: जबरजस्ती करणी जस्तो गम्भीर फौजदारी अपराधमा चस्मदिद गवाहको अभाव रहन्छ । यस्तो अपराधमा करणी गरिएकी पीडित व्यक्ति नै प्रमुख प्रमाण हो । प्रमाण ऐन, २०३१ को दफा १०(१) (ख) मा कुनै काम, घटना वा अवस्थाबाट पीडित व्यक्तिले मौकामा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा पनि पीडित परिवर्तित नाम ४४ कुश्मा "य" ले अनुसन्धानको क्रममा वारदातसम्बन्धी क्रमबद्ध रूपमा घटनाको बारेमा स-विस्तार बताएको र सो भनाइलाई अदालतमा समेत आई बकपत्र गरेको देखिन्छ । साथै पीडितको उक्त भनाइलाई जाहेरी दरखास्त, प्रतिवादी दिनेश परियारले परिवर्तित नाम ४४ कुश्मा "य" लाई जबरजस्ती करणी गरेका हुन् भनी जाहेरवालाले अदालतमा गरेको बकपत्रसमेतबाट पुष्टि हुँदा केबल फसाउने नियतले जाल प्रपञ्च गरिदिएको जाहेरी after thought हो भनी मान्न मिल्ने नदेखिने ।

यसै सन्दर्भमा, "***After thought को तर्कलाई अन्य प्रमाणहरूको अवस्था, पीडितको परिस्थिति तथा पीडितले आरोपीहरूलाई फसाउने मनसाय पर्याप्त रूपमा विद्यमान छ, छैन भन्ने तत्त्वहरूसँग तुलना गरेर हेर्नुपर्दछ । मूलत: after thought का तत्त्वहरूमा तथाकथित पीडितको आरोपी व्यक्तिलाई सताउने वा फसाउने मनसाय भएको तथ्य र प्रमाणबाट पुष्टि हुनुपर्ने । After thought मा समयको अन्तराल महत्त्वपूर्ण होइन, सो अन्तरालमा पहिले परिसकेको जाहेरी वा तथ्य वा कुरामा फरक वा असर पर्ने गरी पछि फसाउने मनसायसहित अर्कै बेहोराको जाहेरी वा विचार वा कुरा आएको हुनुपर्छ । त्यसमा व्यक्तिले द्वेषपूर्ण तरिकाले कसैसँग बदला लिने वा फसाउने मनसाय देखिनुपर्छ र त्यसको पछाडि कुनै जरिया हुनु आवश्यक हुने ।***" भनी नेपाल सरकार विरूद्ध धर्मबहादुर मल्ल भएको (ने.का.प.२०७६, अङ्क ८, नि.नं.१०३४३) जबरजस्ती करणी मुद्दामा उक्त सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा पनि पीडितको अनुसन्धानमा भएको कागज, जाहेरी दरखास्तमा उल्लिखित बेहोराहरू फरक पर्ने गरी बकपत्र वा अन्य कुनै प्रमाण मिसिल संलग्न पेस हुन नसकेको देखिँदा केबल ९ दिनपछि दिइएको जाहेरी after thought statement हो भनी व्याख्या गर्नु तर्कसङ्गत नदेखिने ।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले "***कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भनी उल्लेख भएको देखिन्छ ।***" प्रस्तुत मुद्दाको सन्दर्भमा पीडित परिवर्तित नाम ४४

कुश्मा “य” लाई डर, धम्की देखाई प्रतिवादी दिनेश परियारले जबरजस्ती करणी गरेको बेहोरा परिवर्तित नामथर ४४ कुश्मा “र” को किटानी जाहेरी, पीडित व्यक्तिको घटना विवरण कागज र सोलाई समर्थन गर्ने गरी भएको बकपत्र बेहोरासमेतले उक्त कानूनी प्रावधानको उल्लङ्घन गरेको होइन भन्न नमिल्ने।

प्रतिवादीले घरमा कोही नभएको थाहा पाई, उक्त पीडित महिलाको कोठामा खाने पानीको प्रतिक्षा गर्ने निहुँमा बसी निज पीडित आएपछि कोठाको ढोका बन्द गरी जबरजस्ती करणी गरेको कार्यको कडी कहीँकतै टुटेको देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष समेत प्रतिवादीले सिलसिलेवाररूपमा घटना व्यक्त गरेको देखिन्छ । जबरजस्ती करणी जस्तो संगीन अपराधमा प्रायजसो पीडितमात्र एकल चस्मदित गवाह हुने भएकोले पीडितको बकपत्रबाट समेत बिना कुनै शङ्का प्रतिवादीले घटना घटाएका हुन् भन्ने देखिँदा जबरजस्ती करणीको कसुर स्थापित भएको छ । निज पीडित महिला प्रतिवादीको तेह्र दिने दाजुभाइ नातासम्बन्धभित्रका पनि हुन् भन्ने तथ्य जलजला गाउँपालिका २ नं. वडा कार्यालयको पत्रसमेतबाट पुष्टि भइरहेकोमा निज प्रतिवादीले हाडनाता करणी गर्नेको महलको २ नं. को कानूनी व्यवस्थाविपरीतको कार्य गरेको देखिँदा निजले उक्त कानूनी प्रावधानको समेत उल्लङ्घन गरी हाडनाता करणी गरेको देखिने।

साथै घरको काम धन्दा सबै गर्ने व्यक्तिको अपाङ्ग परिचयपत्रको सत्यापनसम्म नगर्नु न्यायसङ्गत हुँदैन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, पीडित परिवर्तित नाम, थर ४४ कुश्मा “य” अपाङ्ग कान नसुन्ने लाटी रहेको बेहोरा जाहेरीमा उल्लिखित हुनुका साथै निजको शारीरिक परीक्षण गर्ने डक्टरले समेत निज राम्रोसँग बोल्न र सुन्न सक्नुहुँदैनथ्यो भनी बकपत्र गरेको देखिन्छ । यसका साथै मिसिल संलग्न रहेको साधिकार निकायबाट जारी भएको अपाङ्ग परिचयपत्रको फोटोकपीसमेतबाट निज “ख” वर्गको अपाङ्ग रहे भएको देखिँदा निज अपाङ्ग परिचयपत्रको सत्यापन भएन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी दिनेश परियारले पीडित परिवर्तित नाम ४४ कुश्मा “य” लाई जबरजस्ती करणी गरेको बेहोरा जाहेरवालाको किटानी जाहेरी दरखास्त, पीडितको घटना विवरण कागज तथा सोलाई समर्थन गर्ने गरी अदालतमा भएको बकपत्रसमेतबाट निज प्रतिवादी दिनेश परियारले परिवर्तित नाम ४४ कुश्मा “य” लाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन। प्रतिवादी दिनेश परियारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी दिनेश परियारलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(५) नं.को कसुर गरेको ठहर गरी निज प्रतिवादीलाई सोही महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने, पीडित बहिरा अपाङ्गता भएको व्यक्ति भन्ने देखिएकोले सोही ३(क) नं. बमोजिम थप ५ वर्ष कैद र हाडनाता करणी गर्नेको महलको २ नं.को देहाय ४ बमोजिम तेह्र दिने नाताभित्रको महिलालाई करणी गरेकोले थप छ महिना कैद तथा प्रतिवादी दिनेश परियारबाट

पीडित परिवर्तित नाम ४४ कुश्मा "य" लाई जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.४०,०००।– क्षतिपूर्ति भराइदिने गरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७५।०१।०५ मा भएको फैसला सदर गर्ने गरी उच्च अदालत पोखरा बागलुङ इजलासबाट मिति २०७५।०४।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन १८ गते रोज ३ शुभम्।**

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७५-CR-१८१३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. श्याम शाही*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ मा, ***"कसैले दफा १० विपरीत इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराई निजलाई तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने छ। विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुने छ"*** भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाको सन्दर्भमा पनि प्रतिवादी श्याम शाहीसँग वैदेशिक रोजगारमा पठाउन इजाजत पत्र भएको र लिएको देखिएन । साथै निज प्रतिवादी श्याम शाहीको अनुसन्धान अधिकारी तथा न्यायाधिकरणसमक्ष भएको बयानसमेतबाट उक्त बेहोरा स्पष्ट देखिन्छ। साथै निज प्रतिवादी श्याम शाहीले सागर लामा र दावा शेर्पालाई वैदेशिक रोजगारमा चीन पठाइदिने र राम्रो कमाइ हुन्छ भन्ने प्रलोभन देखाई निज पीडितहरूबाट जम्मा रू.८,०७,०००।- रकम लिएको देखिँदा निजले उक्त कानूनी प्रावधानको उल्लङ्घन गरेको होइन भन्न नमिल्ने।

पीडित सागर लामा र दावा शेर्पा आफैँ खर्च जुटाई फर्केको हुँदा सो खर्च रकमसमेत भराइपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, पीडित सागर लामा र दावा शेर्पाले जनही रू.७५,०००।– का दरले जम्मा रू.१,५०,०००।– खर्च भएको भनी सनाखत कागज गरेको भए तापनि निजहरूले उक्त रकम के-कहाँ कति रकम खर्च भयो भनी सोको भर्पाई पेस गर्न सकेको मिसिल संलग्न कागजातबाट देखिँदैन । यसरी निजहरूले यो शीर्षकमा यति खर्च भयो भन्ने बेहोराको भर्पाई पेस गर्न नसकेको हुँदा केबल सनाखत कागज गर्दाको बखत भनेको आधारमा मात्र उक्त रकम भराइ पाउनुपर्ने होइन । कुनै पनि वस्तुनिष्ठ प्रमाणको अभावमा केबल यति रकम खर्च भयो होला भनी अनुमानका आधारमा खर्च रकम भराउनु न्यायोचित नहुने हुँदा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी श्याम शाहीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर

गरेको देखिँदा निजलाई सोही दफा ४३ बमोजिम तीन वर्ष कैद र रू.३,००,०००।– (तीन लाख रूपैयाँ) जरिवाना हुने तथा प्रतिवादी श्याम शाहीले जाहेरवालाहरूबाट लिएको बिगो रकम र सोको ५०% हर्जाना रकम प्रतिवादी श्याम शाहीबाट सागर लामा र दावा शेर्पालाई भराइदिने र अन्य रकम प्रतिवादीबाट नभराउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।१०।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन १८ गते रोज ३ शुभम्।**

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७७-WO-०५८९, उत्प्रेषणसमेत, ब्लु हेवन सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि. वि. नेपाल विद्युत् प्राधिकरण, गण्डकी प्रादेशिक कार्यालय, पार्दी, पोखरासमेत*

रिटको क्षेत्राधिकार असाधारण अधिकार हो । यसले सामान्यत: तथ्यको निरूपण गरिने सामान्य क्षेत्राधिकार नभई संविधान प्रदत्त हकमा आक्रमण भएको, उपचारविहीनताको अवस्था बनेको वा सार्वजनिक हक वा सरोकारको विषयमा न्याय मरेको वा न्यायमा विचलन भएको अवस्थामा आकर्षित हुने हो । नियमित र वैकल्पिक कानूनी उपचारको अवस्था रहे भएसम्म अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग हुने अवस्था हुँदैन । यही अवधारणालाई आत्मसाथ गर्दै नेपालको संविधानको धारा १३३ (२) मा ***"यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने"*** असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था रहेको छ । प्रस्तुत निवेदनमा उल्लिखित विषयवस्तुका सम्बन्धमा वैकल्पिक उपचारको व्यवस्था कानूनतः स्पष्ट रहेको र निवेदकले उक्त उपचार अपर्याप्त वा प्रभावहीन रहेको भनी पुष्टि गर्न नसकेको हुँदा संविधानबमोजिमको रिट क्षेत्राधिकार ग्रहण गर्न सकिएन । यसर्थ, निवेदकको मागबमोजिम बोलपत्रको मूल्याङ्कन तथा सोबमोजिम सम्झौताको सम्बन्धमा विपक्षीहरूबाट भएगरेको कार्यसमेत कानूनविपरीत भएको भनी रिट जारी गर्नुपर्ने भन्ने निवेदन जिकिर तथा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

नेपाल विद्युत् प्राधिकरण, गण्डकी प्रादेशिक कार्यालय, पार्दी, पोखरा कास्कीबाट करार सेवामार्फत कामदार उपलब्ध गराउनेसम्बन्धी प्रकाशित सूचनाबमोजिम समान आधारमा योग्य बोलपत्रदाताको प्रस्तावको मूल्याङ्कन गरी कानूनबमोजिम सारभूतरूपमा प्रभावग्राही

बोलपत्रदाताको प्रस्ताव छनौट गरी उक्त बोलपत्रसँग सम्झौता भएको अवस्थामा उक्त बोलपत्र मूल्याङ्कनको विभिन्न चरणमा यी निवेदकसमेत सहभागी भएकोमा सो तथ्य निवेदनमा नखुलाई दायर गरेको प्रस्तुत रिट निवेदनका निवेदक सफाहात लिई अदालतमा उपस्थित नभएको र उक्त बोलपत्रको सम्पूर्ण प्रक्रियाका सम्बन्धमा चित्त नबुझे कानूनबमोजिम वैकल्पिक उपचारसमेतको व्यवस्था भएकोमा सोको प्रयोग गरेको नदेखिएको हुँदा निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने । साथै, यस अदालतबाट मिति २०७७।९।२४ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल चैत्र १६ गते रोज २ शुभम् ।**

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CI-०३३१, उत्प्रेषण, परमादेश, अधिवक्ता नित्यनारायण प्रजापति वि. काठमाडौं जिल्ला अदालतसमेत*

जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख मा सम्बन्ध विच्छेद मुद्दालाई पनि बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको रूपमा उल्लेख गरेको पाइन्छ । त्यस्तो बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको कागजातको प्रतिलिपि को-कसले लिन पाउने भन्ने सम्बन्धमा हेर्दा, सोही नियमावलीको नियम ४६ ख (३) मा "**बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन हुँदैन**" भन्ने व्यवस्था रहेको पाइन्छ । सो व्यवस्थाले मुद्दा विचाराधीन रहेको अवस्थालाई मात्र नजनाई फैसला भइसकेपश्चात् कार्यान्वयनको अवस्थासमेतलाई जनाउँछ । यदि सो व्यवस्थाले बन्द इजलासबाट फैसला भइसकेपछि आकर्षित हुने होइन भनी संकुचित अर्थ गर्ने हो भने त्यस्तो बन्द इजलासको व्यवस्था गर्नु औचित्यहीन हुन जान्छ किनभने पक्ष विपक्ष मुद्दा विचाराधीन रहँदाको अवस्थामा मात्र सम्बन्धित हुने नभई त्यसपश्चात्को अवस्थामा पनि सम्बन्धित रहने भएकोले वादी, प्रतिवादी र पीडितलाई मात्र बन्द इजलासको कागजात उपलब्ध गराउने व्यवस्था गरिएको हो । यस स्थितिमा यी पुनरावेदक नित्य नारायण प्रजापतिले माग गरेको सम्बन्ध विच्छेदसम्बन्धी मुद्दामा वादी, प्रतिवादी र पीडितसमेत रहेभएको नदेखिने ।

नेपाल कानून पत्रिकामा बन्द इजलासको फैसला प्रकाशित गर्न मिल्छ भने कानून व्यवसायीलाई किन दिन मिल्दैन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू नजिरका रूपमा स्थापित भई कानूनसरह लागु हुने भएकोले सबै सरोकारवाला व्यक्तिहरूलाई सोको जानकारी होस् भन्ने हेतुले नेपाल कानून पत्रिका प्रकाशनमा आएको हो । कुनै पनि बन्द इजलासबाट भएको फैसलाहरू नेपाल कानून पत्रिकामा प्रकाशन हुँदा त्यसमा पक्ष विपक्षको नाम परिवर्तन भई साङ्केतिक नाम राखी प्रकाशित गर्ने हुँदा त्यसले पक्ष विपक्षलाई असर पार्दैन र पक्ष विपक्ष को हो भनी थाहा पनि पाइँदैन । कतिपय मुद्दाहरूमा अनुसन्धानका

बखतदेखि नै नाम परिवर्तन गरी मुद्दाको काम कारबाही अगाडि बढाउने भए तापनि प्रस्तुत मुद्दामा निवेदकले माग गरेको मुद्दाको फैसलामा वादी प्रतिवादीको नाममा परिवर्तन नगरी हुबहु नाम लेखिएको देखिएको छ । यसरी प्रस्ट रूपमा नाम उल्लेख गरी बन्द इजलासबाट भएको फैसला निवेदकलाई दिँदा पक्ष विपक्षलाई असर पर्न सक्ने देखियो। साथै निज निवेदक मुद्दाका प्रत्यक्ष सरोकार राख्ने व्यक्ति नभएकोले निजलाई उक्त फैसलाको प्रतिलिपि दिन नमिल्ने।

काठमाडौं जिल्ला अदालतका स्रेस्तेदारले मिति २०७१।१०।११ मा गरेको आदेश र सो आदेशलाई सदर गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१०।२३ मा भएको आदेशसमेत उत्प्रेषणको आदेशले बदर गरी फैसलाको नक्कल दिनु भनी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन २१ गते रोज ६ शुभम्।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०२२१, बन्दीप्रत्यक्षीकरण, सन्तबहादुर थापा वि. श्री उच्च अदालत पाटनसमेत*

निवेदकको कैदको हकमा मिति २०७५।१२।५ देखि २०७५।१२।९ सम्म कैदमा बसी कैद भुक्तान भइसकेको देखिन्छ भने निजलाई लागेको जरिवाना रू.१५,००,०००।- दाखिला गर्न नसकेको कारणले निज निवेदकलाई जरिवानाबापत मिति २०७५।१२।१० देखि हालसम्म थुनामा रहेको देखियो। मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(२)(क) मा ***"कैद र जरिवाना दुवै सजाय हुने कसुरमा जरिवाना नतिरेबापतको कैद निर्धारण गर्दा दश वर्षभन्दा बढी नहुने गरी कैद गर्नुपर्ने हुन्छ ।"*** भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा निज निवेदकले जरिवानाबापतको रकम नतिरेकोले मिति २०८५।१२।९ सम्म कैदमा बस्नुपर्ने देखिन्छ भने निजलाई सोही कानूनबमोजिम नै उच्च अदालत पाटनको फैसलाले कैदी पुर्जी जारी गरेको देखियो। यसरी कानूनबमोजिम अदालतबाट भएको फैसलाबमोजिम तोकिएको सजायमा थुनामा रहेको अवस्थामा उक्त थुनालाई गैरकानूनी मान्न नसकिने।

जहाँसम्म निवेदक ८६ वर्षको ज्येष्ठ नागरिक भएकोले सजायमा छुट हुनुपर्छ भन्ने निवेदन जिकिर छ; ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) ले ***प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरी कैद छुट दिन सकिने छ*** भनी व्यवस्था गरेको देखिन्छ। यस अवस्थामा ज्येष्ठ नागरिकलाई संविधान र कानूनले प्रदान गरेको सुविधा प्रदान गर्नुपर्ने हुन्छ तर कानून र नियममा ज्येष्ठ नागरिकको छुट दिने अधिकारी को हो वा कार्यान्वयन गर्ने अधिकारीको बारे स्पष्ट व्यवस्था नभएको सन्दर्भमा

निज निवदेकलाई मागबमोजिम कैदको छुट दिन सक्ने अवस्था देखिएन । यसै सन्दर्भमा "***कानून र नियममा ज्येष्ठ नागरिकको छुट दिने अधिकारी को हो भन्ने स्पष्ट व्यवस्था नभएको सन्दर्भमा कैदको छुट दिन सक्ने अधिकारी तत्काले किटान गर्नुपर्ने***" भनी पेम्बा गुरूङ विरूद्ध कारागार कार्यालय नख्खु, ललितपुरसमेत (ने.का.प २०७६, अङ्क ३, नि.नं.१०२१९) भएको परमादेश मुद्दामा उक्त निर्देशात्मक आदेशसमेत जारी भएको स्थितिमा हालसम्म पनि कार्यान्वयन गर्ने अधिकारी नतोकिएकोले ज्येष्ठ नागरिकले पाउने सुविधा कार्यान्वयन गर्ने अधिकारीको अभावमा निवेदक वर्ष ८६ को सन्तबहादुर थापाले उक्त सुविधा पाउने देखिएन । साथै प्रस्तुत निवेदनले निवेदकको थुनाको वैधतासम्म मात्र हेर्ने भएकोले निज निवेदक सन्तबहादुर थापालाई कानूनबमोजिम नै थुनामा राखेको देखिँदा विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: निवेदक सन्तबहादुर थापालाई उच्च अदालत पाटनबाट मिति २०७६।०४।२८ मा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ विपरीतको कसुर गरेकोले सोही ऐनको दफा १५ बमोजिम ५ दिन कैद र रू.१५,००,०००।- जरिवाना र जरिवानाको ४ प्रतिशत रकम क्षतिपूर्ति शुल्क निर्धारण गरी प्रतिवादीबाट असुल गर्ने गरी भएको फैसलाबमोजिम जरिवानाबापतको रकम दाखिला नगरेको कारणले कैदमा राख्ने गरी भएको फैसलाअनुसार कैदी पुर्जी दिएको देखिँदा निवेदक सन्तबहादुर थापा गैरकानूनी थुनामा रहेको भन्ने नदेखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन १६ गते रोज १ शुभम् ।**

## ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CI-००२४, अंश चलन, धनकुमारी भन्ने गनकुमारी गुरूङ वि. बसन्त गुरूङसमेत*

"सगोलको सम्पत्ति भन्नाले पुर्ख्यौलीबाट प्राप्त सम्पत्ति वा पैतृक सम्पत्ति, निजी सम्पत्तिबाहेकको अंशियारको नाममा रहेको सम्पत्ति र सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट आर्जन गरेको वा सोबाट बढे बढाएकोलाई बुझाउँछ भने निजी सम्पत्तिभित्र कस्तो सम्पत्ति पर्दछ भनी हेर्दा सगोलको सम्पत्ति वा सगोलको खेती, उद्योग, व्यापार, व्यवसायबाट बढे बढाएको वा आर्जन गरेको सम्पत्तिबाहेक अन्य कुनै अंशियारले आफ्नो ज्ञान, सिप वा प्रयासबाट निजी आर्जन गरेको सम्पत्तिलाई सम्झनु पर्ने" भनी (ने.का.प.२०७६, अङ्क ५, नि.नं.१०२५६) लक्ष्मीसरा सुनुवार राई विरूद्ध ओमबहादुर सुनुवार भएको अंश चलन मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा पनि उक्त कि.नं.७०५ को घरजग्गा निज प्रतिवादी विष्णु गुरूङले ओम डेभलपमेन्ट बैंकबाट कर्जा लिई सोबाट खरिद गरेको देखिँदा उक्त कि.नं.७०५ को घरजग्गा निज विष्णु गुरूङले आफ्नो प्रयासबाट खरिद गरेको निजी आर्जनको सम्पत्ति रहेको देखिने ।

ललितपुर जिल्ला साबिक ललितपुर

उपमहानगरपालिका हाल ललितपुर महानगरपालिका वडा नं.५ को कि.नं.७०५ को घरजग्गा निज प्रतिवादी विष्णु गुरूङले आफ्नो निजी तवरले बैंकबाट ऋण लिई खरिद गरेको देखिँदा उक्त घरजग्गा पैतृक सम्पत्तिबाट बढे बढाएको पुष्टि हुन सकेको नदेखिँदा पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

मिति २०७५।३।१० मा ललितपुर जिल्ला अदालतबाट प्रतिवादी विष्णु गुरूङको नामको घरजग्गासमेत अंश लाग्ने भन्ने हदसम्म वादीको दाबी नपुग्ने गरी भएको फैसलालाई सदर गर्ने गरी मिति २०७५।१०।१४ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन १६ रोज १ शुभम् ।**

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०६६-WO-०६५२, उत्प्रेषणसमेत, हारती वायर इन्डष्ट्रिज प्रा.लि. वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, काठमाडौंसमेत*

मिसिल संलग्न मिति २०६२।२।१६ को लिलाम मुचुल्का हेर्दा, कर्जाको बाँकी साँवा ब्याज तथा अन्य दै-दस्तुरमा बैंक आफैँले सकार गर्न पर्ने देखिएकोले सोही बेहोरा खुलाई बैंकको सञ्चालक समितिसमक्ष लेखी पठाउने भन्नेसम्म बेहोरा उल्लेख भएको देखिन्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७(६) को व्याख्या गर्दै ने.का.प.२०७३, अङ्क ८, नि.नं.९६४६ मा यसै विवादको धितोसँग सम्बन्धित संगिता त्रिपाठी विरूद्ध लुम्बिनी बैंकसमेत भएको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट *"कोही पनि बोलकबोल गर्ने व्यक्ति नआएमा सोझै आफैँ बैंकले प्रथम चरणमा नै लिलाम सकार गर्न अध्यादेशको दफा ५७(६) ले नै मिल्ने देखिँदैन । दोस्रोपटक सूचना जारी गरी लिलाम बिक्री गर्दा कोही उपस्थित नभए वा बोलकबोल नगरेमा मात्र बैंक आफैँले सकार गर्न पाउने उक्त दफाको उद्देश्य हो । कानूनमा व्यवस्थित प्रावधानको गलत अर्थ प्रयोग गरी सोझै एकै पटकमा धितो रहेको सम्पत्ति आफैँ लिलाम सकार गरी रकम दाखिला गर्ने समय प्रदान नगर्दा व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारमाथि अतिक्रमण हुन जान्छ ।"* भनी सिद्धान्त प्रतिपादित भइसकेको छ । यस अवस्थामा बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ५७(६) ले कोही पनि बोलकबोल गर्ने व्यक्ति नआएमा सोझै आफैँ बैंकले प्रथम चरणमा नै लिलाम सकार गर्न मिल्ने देखिँदैन, दोस्रोपटक सूचना जारी गरी लिलाम बिक्री गर्दा कोही पनि उपस्थित नभए वा कबोल नगरेमा मात्र बैंक आफैँले सकार गर्न पाउने उक्त ऐनको उद्देश्य रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाविपरीत मिति २०६२।२।१६ मा लिलाम हुँदा प्रथम चरणमा नै बैंक आफैँले सकार गर्नुपर्ने देखिएको भन्ने बेहोरा उल्लेख गरी बैंकको सञ्चालक समितिसमक्ष सिफारिस गरेको र उक्त लुम्बिनी बैंकको सञ्चालक समितिको मिति २०६२।३।२ मा बसेको बैठक नं. १२१ ले हारती वायर इन्डष्ट्रिज प्रा.लि.ले सुरक्षणबापत राखेको जग्गा रू.४,५४,००,०००।- मा बैंक आफैँले सकार गर्ने भन्ने निर्णय गरेको

देखिन्छ। यसरी प्रथम पटकमा नै ऋणीको सम्पत्ति लिलाम गर्दा बोलकबोलमा कोही पनि उपस्थित नभएको कारण देखाई विपक्षी बैंक आफैँले उक्त सम्पत्ति सकार गर्ने कार्यले आफ्नो कर्जा तथा लगानी असुल गर्नेभन्दा पनि धितोबापत राखेको सम्पत्तिको सम्पत्तिवालाको उपस्थिति बिना स्वयम् मूल्याङ्कन गरी बैंक आफैँले छिटोछिटो सकार गरी ऋणीको सम्पत्तिमाथि हस्तक्षेप गर्न खोजेको अवस्था देखिन आयो। यसप्रकार लुम्बिनी बैंक लि.ले कानूनी प्रक्रिया पूरा नगरी अपारदर्शी तवरबाट धितोको सम्पत्ति आफैँले सकार गर्ने कार्य गरेको भन्ने नै देखिने।

बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा तथा लगानी सकुशल असुली गर्नुपर्छ, डुब्नु हुँदैन भन्ने कुरामा कुनै विवाद रहेन तर बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कर्जा असुलउपर गर्दा ऋणीको साम्पत्तिक अधिकारसमेतलाई पनि ध्यान दिनुपर्ने नै हुन्छ। ऋणीमाथि गरिने व्यवहारलाई निष्पक्ष र पारदर्शी बनाउनुपर्ने हुन जान्छ। ऋणीलाई आफूले लिएको ऋण तिर्नका लागि उचित र प्रयाप्त अवसर दिनुपर्ने हुन्छ। बैंकले आफ्नो ऋण असुल गर्नका लागि जारी गरेका कुनै पनि सूचनाहरू एकपटकभन्दा बढी जारी गरेकोसमेत देखिँदैन। यसरी एकै पटकको सूचनामा ऋणीको पहुँच पुग्यो वा पुगेन भन्ने कुराको समेत जानकारी बैंकले राख्नुपर्ने हुन्छ। ऋण तिर्न नखोज्नु र ऋण तिर्न नसक्नु दुई फरकफरक अवस्था हो जुन कुरालाई कर्जा प्रदायक संस्थाले राम्रोसँग मूल्याङ्कन गर्नुपर्ने हुन आउँछ। प्रस्तुत विवादको धितोमा ऋण असुलसम्बन्धी एकपटक मात्र सार्वजनिक गरेको सूचनाले ऋणीले आफ्नो कुरा भन्ने अवसरसमेत प्राप्त गर्न सकेको देखिँदैन। जुन प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल देखिन्छ। यस्तै प्रकृतिको मुद्दामा यस अदालतबाट ने.का.प. २०७४, अङ्क ६, नि.नं. ९८२२ मा *"ऋणी र साहु समान आर्थिक हैसियतमा रहेका हुँदैनन्। ऋण तिर्न नसक्नु ऋणीको इच्छित अवस्था होइन। धितो अवमूल्याङ्कन गर्ने पक्षले ऋणीलाई एकपटक आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नुपर्छ। ऋणीको असमर्थताको फाइदा उठाई घटीमा सकार गरिन्छ र सोपूर्व ऋणीलाई आफ्नो कुरा भन्ने अवसर दिइँदैन भने अन्यायपूर्ण परिस्थितिको सिर्जना हुन जान्छ। तसर्थ, धितो सकार गर्नुपूर्व ऋणीलाई सूचना नदिइनुलाई प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप कार्य गरेको भन्नुपर्ने देखिन आउने"* भनी सिद्धान्त प्रतिपादन भएको छ, उक्त नजिर सिद्धान्त प्रस्तुत मुद्दामा समेत आकर्षण हुने।

ऋणीले सुरक्षणबापत राखेको सम्पत्ति लिलामी र सकार गर्दा कानूनी प्रक्रिया पूरा नगरी अपारदर्शी तबरबाट धितोको सम्पत्ति आफैँले सकार गर्ने कार्य गरेकोबाट लिलाम प्रक्रिया विधिवत सम्पन्न गरिएको रहेछ भनी मान्न मिल्ने देखिएन। यस स्थितिमा विपक्षी लुम्बिनी बैंक लिमिटेडको मिति २०६२।२।१६ को लिलाम मुचुल्का तथा निवेदकको सम्पत्ति आफैँ सकार गर्ने गरी मिति २०६२।३।२ को विपक्षी बैंक सञ्चालक समितिको निर्णय र मिति २०६२।३।२९ को पत्र तथा मालपोत कार्यालय मकवानपुरबाट विपक्षीको नाममा उक्त धितो नामसारी दा.खा. गर्ने गरी मिति २०६२।३।३० को निर्णयसमेत उत्प्रेषणको

आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल फागुन ११ गते रोज ३ शुभम् ।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०११७, बन्दीप्रत्यक्षीकरणसमेत, कृष्ण के.सी. भन्ने कृष्णप्रसाद हुमागाई वि. उच्च अदालत पाटनसमेत*

प्रस्तुत निवेदक पहिलो पटक सरकारी छाप दस्तखत किर्ते मुद्दामा कसुरदार ठहरी निजलाई १ वर्ष कैद सजाय हुने ठहर भएको देखिएको र काठमाडौं जिल्ला अदालतको मिति २०७७।९।६ को आदेश तथा उच्च अदालत पाटनको मिति २०७७।९।२२ को आदेशबाट प्रतिवादीको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गरी निजलाई कैदबापत रकम लिई कैदमुक्त गर्न उपयुक्त नभएको भन्ने वा निज प्रतिवादीलाई कैदमा नराख्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्न सक्ने अवस्था भएको भन्नेसमेत नदेखिएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदकलाई लागेको कैदबापत रकम लिई कैदमा बस्न नपर्ने सुविधा प्रदान गर्न इन्कार गर्दा कानूनको उद्देश्यअनुरूप हुने नदेखिँदा काठमाडौं जिल्ला अदालतको मिति २०७७।९।६ को आदेश तथा उच्च अदालत पाटनको मिति २०७७।९।२२ को आदेशलाई कानूनसम्मत भन्न नमिल्ने ।

निवेदकले आफूलाई लागेको कैदबापत रकम तिरी कैदमा बस्न नपर्ने सुविधा प्राप्त गर्न सक्ने नै देखिँदा काठमाडौं जिल्ला अदालतसमेतले निवेदकलाई लागेको कैदबापत रकम लिई कैदमा बस्न नपर्ने सुविधा प्रदान गर्न इन्कार गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कानूनी व्यवस्थाको प्रतिकूल हुनेसमेत देखियो । तथापि, यी निवेदकलाई फैसला कार्यान्वयनको सिलसिलामा निजलाई ठहरेको कैदबापत अदालतले कैद म्याद ठेकी कारागार कार्यालय पठाइएको अवस्था हुँदा निजको थुनालाई गैरकानूनी भन्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था भने देखिन आएन । निवेदकको उमेर ६२ वर्ष रहेको र दमको रोगीसमेत भएको कारण कारागारमा राख्दा यस्ता थुनुवा तथा कैदीबन्दीहरूलाई हाल विद्यमान कोरोना भाइरसको संक्रमणको जोखिम हुनसक्ने हुँदा उनीहरूको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै मानवीय संवेदनशीलतालाई समेत दृष्टिगत गरी यी रिट निवेदकका हकमा उपयुक्त आदेश जारी गर्नुपर्ने देखिन आउने ।

निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम आफूलाई लागेको कैदबापत रकम तिरी कैदमा बस्न नपर्ने सुविधा प्राप्त गर्न सक्ने नै अवस्था देखिँदा निवेदकको उक्त सुविधा प्रदान गर्न इन्कार गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।९।६ मा र उच्च अदालत पाटनबाट मिति २०७७।९।२२ मा भएको आदेश कानूनतः मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब, रिट निवेदकको हकमा उपर्युक्त आधारहरूलाई

समेत विचार गरी पुनः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतको उपर्युक्त आदेश जारी गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : शिवबहादुर थापा

**इति संवत् २०७७ साल माघ २२ गते रोज ५ शुभम्।**

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-CI-०००३, निषेधाज्ञा, नन्दे केवट वि. मालपोत कार्यालय, रूपन्देहीसमेत

उत्प्रेषणको आदेश भनेको अधिकार क्षेत्रात्मक त्रुटि गरी निर्णय गर्ने अदालत, न्यायाधीकरण, सरकारी एवं सार्वजनिक अधिकारी र कानूनबमोजिम गठित निकायका विरूद्धमा जारी हुने आदेश हो । यसले अधिकारको घोषणा गर्दैन । बरू अधिकार क्षेत्रबाहिर गई प्राकृतिक न्यायको सिद्धान्तविपरीत गरिएका काम कारबाहीलाई बदर गर्ने ।

प्रस्तुत मुद्दामा निवेदकले विपक्षी मालपोत कार्यालय, रूपन्देहीबाट मिति २०४५।३।१२ मा निवेदकसमेतको मोही लगत कट्टा गर्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरेको देखिन्छ । मोही लगत कायमै गर्ने वा कट्टा गर्ने विषयमा निवेदकको मागदाबी एवं आवश्यक कागज प्रमाणसमेतको विश्लेषण गरी मोही लगत कायमै राख्ने वा कट्टा गर्ने भन्ने कुरामा निर्णय गर्ने अधिकार कानूनले नै भूमिसुधार कार्यालयलाई दिएको र भूमिसुधार कार्यालय रूपन्देहीमा यीनै पुनरावेदक नन्दे केवटसमेतका मोहीहरूले उल्लिखित कित्ता जग्गामा सिचाइँको समेत असुविधा रहेको तथा उक्त जग्गामा खेती कमाई गर्दा त्यसको खर्च नै धान्न नसकिने भएकोले २०२९ सालदेखि नै हामी निवेदकले उक्त जग्गामा खेती कमाई गर्न छाडेका छौँ। हामीहरूका नाममा कायम रहेको आफ्नो मोही लगत कट्टा गरिपाउँ भनी मिति २०४५।१।१० मा दिएको निवेदनका आधारमा उक्त कार्यालयको मिति २०४५।३।१२ को निर्णयबाट यी पुनरावेदक नन्दे केवटसमेतका नाममा कायम रहेको मोही लगत कट्टा गरी मोहियानी हक प्रमाण पत्रसमेत खारेज भएको देखिन्छ । यसरी भूमिसुधार कार्यालयले मिति २०४५।३।१२ मा मोही लगत कट्टा हुने गरी गरेको निर्णय अधिकारप्राप्त निकायबाट, कानूनसम्मत् रूपमा भइरहेको अवस्थामा उत्प्रेषणको आदेशद्वारा बदर गर्न नमिल्ने।

परमादेशको आदेश भनेको कानूनबमोजिम अधिकारप्राप्त सार्वजनिक निकायका पदाधिकारीले कानूनबमोजिमको दायित्व पूरा नगरेको अवस्थामा त्यस्तो दायित्व पूरा गराउन जारी गरिने आदेश हो। यी निवेदक आफैँले आफ्ना नाममा रहेको मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदन तथा मोही हदबन्दीभन्दा बढी जग्गा भएकोसमेतका आधारमा भूमि सुधार कार्यालय, रूपन्देहीबाट मोहियानी हक प्रमाण पत्र खारेज गर्ने गरी मिति २०४५।३।१२ मा भएको निर्णय कानूनसम्मत् रूपमा भइरहेको अवस्थामा निवेदकले भने जस्तो उक्त मोहियानी हक पुन: स्थापित गरी मोहियानी हकको प्रमाण पत्रसमेत दिलाउनु भनी विपक्षी मालपोत कार्यालय, रूपन्देहीका नाममा परमादेशको आदेश जारी हुन सक्ने नदेखिने।

निवेदकले उक्त कि.नं.१३, २२, २७ र

५२ का जग्गाहरू आफूले मोहीको हैसियतले जोत भोग गरी घरसमेत बनाई बसोबास गर्दै आएकोमा हाल आएर विपक्षीहरूले उक्त जग्गा हामीले खरिद गरेका हौँ, तिम्रो हक छैन भनी विवाद सिर्जना गरी हस्तक्षेपको आशङ्का उत्पन्न गरेकोले विपक्षीहरू विरूद्ध निषेधाज्ञाको आदेश जारी हुन माग गरेको भए पनि कुनै पनि नागरिकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) कायम भएको सम्पत्तिमा बिना कुनै आधार अरू कसैले हस्तक्षेप गर्ने वा आघात पार्ने कार्य गर्दछ भने नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम यस्तो अवस्थामा आघात पर्ने पक्षले दिएको निवेदनउपर निषेधाज्ञाको आदेश जारी हुन सक्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत मुद्दामा पुनरावेदक स्वयंले मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनका आधारमा भूमिसुधार कार्यालय, रूपन्देहीबाट मिति २०४५।३।१२ मा कानूनसम्मत रूपमा पुनरावेदकले दाबी लिएका कित्ता नं.१३ २२, २७ र ५२ का जग्गाको मोही लगत कट्टा भई उक्त जग्गामा रहेको पुनरावेदकको मोहियानी हकसमेत समाप्त भई कुनै तवरबाट पनि उक्त जग्गामा निजको हक कायम नभएको अवस्थामा उक्त जग्गामा यीनै पुनरावेदकलाई जोत भोग तथा बसोबास गर्न अवरोध नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था नरहने।

आफैँले मोही लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनका आधारमा मिति २०४५।३।१२ मा मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालय रूपन्देहीबाट भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्न मिल्ने देखिएन भने यस्तो निर्णय बदर गरी मोहियानी हकको प्रमाण पत्र दिनु भनी परमादेशको आदेशसमेत जारी हुन सक्ने देखिएन । यसरी उत्प्रेषणको आदेशद्वारा मोही लगत कट्टा हुने गरी भएको आदेश पनि बदर नभएको र मोहियानी हकको प्रमाण पत्र पनि यी पुनरावेदकले प्राप्त नगरेको अवस्थामा कित्ता नं.१३, २२, २७ र ५२ का जग्गामा यी पुनरावेदकको हक अधिकार नै नरहेको अवस्थामा उक्त जग्गा निर्विवाद रूपमा हक भोग गर्न तथा बसोबास गर्न दिनु भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता देखिन नआएको हुँदा रिट निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।५।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभाष चन्द्र दाहाल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल असार २४ गते रोज ४ शुभम्।**

## १०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०१२२, बन्दीप्रत्यक्षीकरण, प्रमोदप्रसाद साह वि. सरस्वती पुलामी मगर साहसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश बन्दीलाई गैरकानूनी थुनामा राखेको अवस्थामा जारी हुने आदेश हो । बन्दीप्रत्यक्षीकरणको निवेदनबाट कुनै पनि व्यक्तिको थुनाको कानूनी वैधतासम्म परीक्षण हुने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने वा नपर्ने कुराको निर्क्यौलमा पुग्न बन्दीलाई कानूनबमोजिम थुनामा राखिएको छ,

छैन ? भन्ने कुरा नै मुख्य रूपमा हेरिनुपर्ने हुन्छ। नेपालको संविधानको धारा १७ ले कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनी विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको, धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनी, त्यसैगरी धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपरका गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक उपचारको हकको सुनिश्चितता धारा ४६ ले प्रदान गरेको छ। यसैगरी संविधानको धारा १३३ ले मौलिक हकको प्रचलनका निमित्त सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। फौजदारी कसुर गरेको अवस्थामा फौजदारी दायित्वबाट कसैले पनि उन्मुक्ति पाउनु हुँदैन। तर कसैले फौजदारी कसुर गरेको प्रारम्भिक प्रमाणबाट देखिँदैन भने जाहेरीलाई मात्र आधार लिई सोही आधारमा कसैलाई पक्राउ गरी थुनामा राख्दा गैरकानूनी थुनामा राखिने छैन भनी संविधानले प्रत्याभूत गरेको मौलिक हक खतरामा पर्ने देखिन्छ। संविधानले प्रत्याभूत गरेको उक्त मौलिक हक खतरामा नपरोस् भन्ने उद्देश्यले नै कसैलाई अनुसन्धानको लागि पक्राउ गर्नुपूर्व त्यस्तो मुद्दा हेर्ने अधिकार पाएको निकाय तथा पदाधिकारीको अग्रिम अनुमति लिनुपर्ने व्यवस्था गरिएको हो। कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्था भएमा मौलिक हकको संरक्षणका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नुपर्ने हुन्छ। माथिका प्रकरणहरूमा विवेचना भएबमोजिम यी रिट निवेदकको विवाह जाहेरवालीभन्दा पहिले रामकुमारी साहसँग भएको कुरा निवेदनसाथ पेस भएको विवाह दर्ताको प्रतिलिपिसमेतबाट देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने नै देखिने।

यसरी प्रस्तुत रिट निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएबाट महानगरीय प्रहरी वृत्त ठिमीसमेतले बहुविवाह मुद्दामा निज अनुसन्धानको लागि थुनामा रहेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने होइन भनी प्रत्यर्थीहरूबाट पेस हुन आएको लिखित जवाफ र उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

निवेदकलाई कानूनद्वारा निर्दिष्ट प्रक्रिया र सर्तअनुसार थुनामा राखेको नदेखिएको र सो थुनामा राख्ने कार्य बदनियत एवं प्रवृत्त धारणा राखी स्वेच्छाचारी तवरबाट भएको देखिएको हुँदा निवेदक प्रमोदप्रसाद साहलाई बहुविवाह मुद्दामा महानगरीय प्रहरी वृत्त ठिमीले मिति २०७७।७।२४ मा पक्राउ

गरी निजलाई भक्तपुर जिल्ला अदालतबाट सोही मितिदेखि लागु हुने गरी म्याद थप गरेको कार्य न्यायिक दृष्टिकोणबाट समेत औचित्यपूर्ण नहुँदा विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल मार्ग ९ गते रोज ३ शुभम्।**

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-CI-१३२६, निषेधाज्ञा, राम एकवाल ठाकुर भन्ने रामएकवाल दास वैष्णव वि. अवधेश चौधरी भन्ने अवधेश दास वैष्णव

मिति २०६८।५।२६ मा नियुक्त भएको पूजारीको पाँच वर्षको अवधि समाप्त भइसकेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत जनकपुरले मिति २०६८।११।२ मा गरेको आदेशको प्रयोजनसमेत हाल कायम नरहेको अवस्था हुँदा र मिति २०७१।१०।१३ मा अर्को व्यक्ति पूजारीको रूपमा पाँच वर्षको लागि नियुक्त भइसकेको र निजको पदावधिसमेत समाप्त हुनलागेको भन्ने बहसका क्रममा प्रस्तुत भएकोसमेतका आधार कारणबाट पुनरावेदन अदालत जनकपुरले तत्कालीन अवस्थामा नियुक्त पूजारी अवधेश चौधरी भन्ने अवधेश दास वैष्णवको कामकाजमा कुनै बाधा अवरोध नगर्नु, नगराउनु भनी मिति २०६८।११।२ मा जारी गरेको निषेधाज्ञाको आदेशलाई बदर गरिपाउँ भन्ने पुनरावेदक राम एकवाल ठाकुर भन्ने रामएकवाल दास वैष्णवको पुनरावेदन जिकिर मनासिब नदेखिने।

निवेदकको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहराई पुनरावेदन अदालत जनकपुरले मिति २०६८।११।२ मा गरेको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कुवेर पाण्डे

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७६ साल मङ्सिर २२ गते रोज १ शुभम्।**

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६८-CR-१२१३, अदालतको अवहेलना, रामएकवाल ठाकुर भन्ने रामएकवाल दास वैष्णव वि. महन्त सत्यनारायण दाससमेत
- ०६८-CI-१३२७, निषेधाज्ञा, राम एकवाल ठाकुर भन्ने रामएकवाल दास वैष्णव वि. गुठी संस्थान शाखा कार्यालय जनकपुरसमेत
- ०६८-CI-१३२८, निषेधाज्ञा परमादेश, रामएकवाल ठाकुर भन्ने रामएकवाल दास वैष्णव वि. महन्त सत्यनारायण दाससमेत

**१२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-१०२२, अंश चलन, मंगल सिंह राजवंशी वि. भद्रप्रसाद राजवंशीसमेत*

घर व्यवहारबाट वादी प्रतिवादीहरूबिचमा बाबुको मृत्यु हुनुभन्दा अगाडिदेखि नै घरसारमा अंशबन्डा भई आ-आफ्नो जग्गा जोत भोग गर्दै आइरहेको भन्ने निज वादी प्रतिवादीहरूको व्यवहारबाट देखिन आएको छ। वादी मंगलसिंहले आफ्नो घर व्यवहार चलाउन आफैँले ऋण लिएको

तथा उक्त ऋण आफ्नो अंश भागबाट चुक्ता गरेको देखिन्छ। अंश लाग्ने भनी फिराद दाबीमा परेका दुवै जग्गा दाजु भाइको संयुक्त नाममा रहेकोमा १-१३-० जग्गा वादीले आफ्नो साहु तिरी बाँकी रहेको जग्गा भन्ने देखिएको छ । त्यसैगरी कि.नं. २९४ को ज.हे. ००९४०.०० को बेनिस्सा जग्गा दाजु भाइका संयुक्त नाममा रहेको भन्ने देखिएकोसमेतका व्यवहारले यिनीहरूबिचमा अंशबन्डा भइसकेको भन्ने देखिन्छ । त्यसैगरी संयुक्त नामको जग्गाबाट वादीको अंश भाग साहुले लिएपश्चात् बाँकी जग्गा प्रतिवादीले एकलौटी कायम गरी पाउन अदालतमा मुद्दा गरी अदालतको फैसलाले एकलौटी कायम गरेको अवस्थालाई कानूनबमोजिम अंशबन्डा भएको अवस्था होइन भनी अर्थ गर्न मिल्ने देखिँदैन । सो हुँदा वादीले आफ्नो अंश भाग लिइसकेको भन्ने देखिएको हुँदा वादीले प्रतिवादीका नाममा रहेको सम्पत्तिमा अंश भाग नपाउने गरी भएको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिने।

प्रतिवादी भद्रप्रसाद राजवंशीसमेतबाट अंश भाग दिलाइपाउँ भनी वादी मंगलसिंह राजवंशीको फिराद दाबी तथा पुनरावेदन जिकिर रहेकोमा वादीको फिराद दाबी पुग्न नसक्ने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०७२।११।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

**इति संवत् २०७७ साल पुस ७ गते गते रोज ३ शुभम्।**

यसै लगाउको निम्न मुद्दाहरूमा यसैबमोजिम फैसला भएको छ।

- *०७३-CR-०९१३, म्याद किर्ते, मंगल सिंह राजवंशी वि. भद्रप्रसाद राजवंशीसमेत*
- *०७३-CI-१०२३, दर्ता फोर दर्ता कायम, मंगल सिंह राजवंशी वि. भद्रप्रसाद राजवंशी*
- *०७३-CI-१०२४, म्याद बदर फैसला बदर लिखत दर्ता बदर दर्ता कायम, मंगल सिंह राजवंशी वि. भद्रप्रसाद राजवंशीसमेत*

### १३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०४०६, अप्राकृतिक मैथुन, नेपाल सरकार वि. ०४-२-न*

जाहेरी दरखास्तमा उल्लेख कुनै कुरा व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व त्यसको न्यायिक परीक्षण गरिएको हुनुपर्दछ। जाहेरी अभियोग प्रमाणित गर्ने एक महत्त्वपूर्ण प्रमाण भए पनि सोमा उल्लेख भएको बेहोरा अन्य सङ्कलित प्रमाणबाट समर्थित भएको हुनुपर्दछ । प्रस्तुत मुदामा जाहेरवालीले अदालतमा आई बकपत्र गर्दा छोराको दिसा गर्ने ठाउँमा रगत देखी नानीलाई प्रतिवादी परिवर्तित नाम ०४-२-न ले पो यस्तो बनाएको हो कि भन्ने आशंकामा जाहेरी दिएको हो भनी जाहेरवालीले अदालतमा आई आफ्नो जाहेरी बेहोरालाई खण्डन गरेकी छिन् भने सो जाहेरीसँग तादम्यता हुने गरी अन्य प्रमाणहरू मिसिल संलग्न रहेका देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार अदालतमा उपस्थित भई जाहेरवाली, पीडित र पीडितको स्वस्थ्य जाँच गर्ने डाक्टरले स्वतन्त्र रूपले वारदातलाई खण्डन हुने गरी गरेको बकपत्रलाई उल्टै वादी नेपाल सरकारको विरूद्धमा

नै प्रमाण ग्रहण गर्नुपर्ने देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा वादीले आफ्नो दाबीमाथि उल्लिखित तथ्यका आधारमा वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिएन । यस अवस्थामा अप्राकृतिक मैथुन जस्तो गम्भीर फौजदारी अपराधमा शंका र अनुमानको भरमा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र र उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

सुरू झापा जिल्ला अदालतबाट प्रतिवादी परिवर्तित नाम ०४-२-न लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय १ नं. बमोजिम १० (दश) वर्ष कैद र सोही महलको ९क नं. बमोजिम अप्राकृतिक मैथुन गरेकोले थप २ महिना कैद गरी रू.३०,०००।- (तीस हजार रूपैयाँ) क्षतिपूर्ति पाउने गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७५।३।१३ मा गरेको फैसला उल्टी गरी प्रतिवादी परिवर्तित नाम ०४-२-न लाई कसुरमा सफाइ दिने गरी उच्च अदालत, विराटनगर इलाम इजलासबाट मिति २०७६।१।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नवराज जोशी

**इति संवत् २०७७ साल जेष्ठ ३२ गते रोज १ शुभम्।**

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-११८६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मुक्तबहादुर अधिकारी

निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- जरिवाना गरी बिगो र सोको ५०% ले हुन आउने हर्जानासमेत जाहेरवालाले प्रतिवादीवाट भराइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा नभएबाट प्रतिवादीले पीडितलाई विदेश पुर्‍याइसकेको अवस्था रहेकोले निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम तीन लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मुक्तबहादुर अधिकारीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना, बिगो रू.९५,०००।- र सोको ५०% ले हुन आउने रू.४७,५००।- हर्जानासमेत जम्मा रू.१,४२,५००।- जाहेरवालाले प्रतिवादीबाट भराइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।९।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : नवराज जोशी

**इति संवत् २०७७ साल जेठ ३२ गते रोज १ शुभम्।**

## इजलास नं.२

### १५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CI-१३४२, लिखत बदर, लक्ष्मणकुमार कँडेल वि. यदुकुमार सेढाई*

प्रत्यर्थी वादीले प्रस्तुत मुद्दाका प्रतिवादी तथा यी पुनरावेदक लक्ष्मणकुमार कँडेलका दाता कृष्णबहादुर तामाङउपर दिएको मूल मानिएको निर्णय दर्ता बदर मुद्दामा विवादित कि.नं. १ र २ को जग्गा दाता कृष्णबहादुर तामाङको नाउँमा दर्ता गर्ने गरी भएको मालपोत कार्यालय, धादिङको मिति २०५२।८।१९ को निर्णय नै बदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्तिम भएर रहेको देखियो । यसप्रकार यी पुनरावेदकलाई हक हस्तान्तरण गर्ने दाताले हक प्राप्त गरेको मूल स्रोतको कृष्णबहादुर तामाङका नाउँमा दर्ता हुने दर्ता निर्णय नै बदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्तिम भएर रहेकोले सोही निर्णयको आधारमा निज दाता कृष्णबहादुर तामाङबाट पारित गराई लिएको बकसपत्रको लिखत कायम रहन सक्ने अवस्था रहेन । तसर्थ, दाबीको लिखत बदर हुने ठहर गरी मिति २०६७।६।७ मा भएको पुनरावेदन अदालत पाटनको फैसला परिवर्तन हुने अवस्था नदेखिई सो फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

वादी दाबी नपुग्ने ठहऱ्याई सुरू धादिङ जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादी कृष्णबहादुर तामाङले कि.नं.१ र २ को जग्गा प्रतिवादी लक्ष्मणकुमार कँडेललाई हक हस्तान्तरण गरिदिएको र.नं.२८६९ मिति २०५२।८।२४ को हालैदेखिको बकसपत्रको लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।६।७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम्।**

### १६

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WH-०२५१, बन्दीप्रत्यक्षीकरण, रामबहादुर कुँवर वि. जिल्ला प्रहरी कार्यालय, स्याङ्जासमेत*

निवेदक रामबहादुर कुँवरलाई गैरकानूनी थुनामुक्त गरिपाउँ भनी प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन परेकोमा निवेदकलाई **सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुर** मुद्दामा मिति २०७६।१०।२० देखि अनुसन्धानको सिलसिलामा हिरासतमा राखेकोमा निवेदकलाई साधारण तारेखमा राख्ने गरी जिल्ला प्रशासन कार्यालय, स्याङ्जाबाट मिति २०७६।११।४ मा भएको आदेशअनुसार निज निवेदक थुनामुक्त भइसकेको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ रहेको देखियो । यसरी निवेदक रामबहादुर कुँवर प्रत्यर्थीहरूको थुनाबाट मुक्त भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेकोले प्रस्तुत रिट निवेदनको विषयभित्र प्रवेश गरी निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरण आदेश जारी गर्नु

परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल फागुन १८ गते रोज १ शुभम्।**

## इजलास नं.३

### १७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०८७९, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. चन्द्र कटुवाल*

प्रतिवादी चन्द्र कटुवालले उक्त वारदात मिति र समयमा आफ्नै घरकोठामा थिएँ, जबरजस्ती करणी गरेको होइन भनी अदालतमा बयान गरे तापनि फौजदारी अपराधमा पीडित व्यक्तिले व्यक्त गरेको कुरा महत्त्वपूर्ण प्रमाण हो । पीडित स्वयं घटना वा वारदातको चस्मदिद गवाह पनि हो । पीडितउपरकै अपराध भएको कारण पीडितले अपराध भएको समय, अपराधको कारण, अपराध गर्ने व्यक्ति, अपराध के कसरी भयो सबै कुरा आँखैले देखेर सो कुरा यथार्थरूपमा बताउँछ । त्यसैले प्रमाण कानूनमा पीडितको भनाइलाई प्रत्यक्ष र मौलिक प्रमाण भनिएको हो । पीडितलाई चस्मदिद गवाहको संज्ञा त्यसै कारण दिइएको हो । प्रचलित कानूनले बाहेक गरेको अवस्थामा बाहेक पीडित अदालतसमक्ष उपस्थित भई बकपत्र गरेपछि त्यस्तो प्रमाणलाई अदालतले प्रमाणमा लिनुपर्छ । त्यसमा पनि पीडितको कथनलाई घटना विवरण कागज गर्ने व्यक्तिहरूको कथन र शरीर परीक्षणले समेत समर्थन गरेको अवस्थामा पीडितको भनाइलाई प्रमाणमा ग्रहण गर्नु प्रमाण कानूनको सिद्धान्तअनुकूल हुने ।

आशय करणी ठहर्‍याएको उच्च अदालत सुर्खेतको फैसला मिलेको छ वा छैन ? भन्ने सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन आशय करणीको १ नं.मा **"कसैले कुनै महिलाको मन्जुरी बिना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा, यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वाभाविक व्यवहार गरेमा वा निजलाई करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ र त्यस्तो कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ । यस्तो कार्यबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिब क्षतिपूर्तिसमेत भराई दिनुपर्ने छ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा पीडित पिसाब फेर्न घरबाहिर आएको बखत प्रतिवादीले पीडितको मुखमा छोपी करणी गर्न दे नत्र मारिदिने भनी लछार पछार गर्दै कुटपिटसमेत गरी जबरजस्ती करणी गर्न कोसिस गरिरहेका बखत पीडितले बल प्रयोग गरी चिच्याएपछि अन्य मानिसले थाहा पाई उक्त वारदातमा जाँदा प्रतिवादी भागी गएको भनी जाहेरी दरखास्तबाट देखिएको

र पीडितले आफू पिसाब फेर्न घरको माथिल्लो तलाबाट तल झरेको अवस्थामा प्रतिवादीले एक्कासी पीडितलाई समाती एक हातले मुख बुझी हारगुहारसमेत गर्न नदिई पर खेतमा लगी जमिनमा पल्टाई पीडितले लगाएको सुरूवाल जबरजस्ती छराई कुटपिट गरी मलाई करणी गर्न दे नत्र मारिदिन्छु भनी धम्की दिएपछि पीडितले आफ्नो इज्जत जोगाउन हारगुहार गर्दा गाउँघर वरपरका मानिसहरूले थाहा पाएपछि प्रतिवादी भागी गएको भनी पीडितले घटना विवरण कागजमा लेखाएको बेहोरालाई अदालतमा आई बकपत्रसमेत गरेको देखिएको छ । पीडितको शरीरमा जबरजस्ती दाहिने पाखुरा अगाडि भागमा केही खोस्रिएको (Abrasion) चिह्न जसमध्ये सबैभन्दा ठुलो लगभग ३x२ से.मी. को छ । बायाँ पाखुराको पछाडि भागमा लगभग २x२ से.मी. को खोस्रिएको (Bruise) चिह्न, छातीको पछिल्लो भागमा लगभग ५x२ से.मी. र १.५x०.५ से.मी. को खोस्रिएको (Abrasion) चिह्न, बायाँ स्तनको माथिल्लो भागमा लगभग ५x१ से.मी. र १x०.५ से.मी. को खोस्रिएको (Bruise) चिह्न, दायाँ स्तनमा लगभग १x०.२ से.मी. र २x०.२ से.मी. खोस्रिएको (Abrasion) चिह्न, दायाँ घुँडामा २x०.५ से.मी. को खोस्रिएको (Abrasion) चिह्न र दायाँ कुर्कुच्चाको पछिल्लो भागमा १x०.२ से.मी. को खोस्रिएको (Abrasion) चिह्न रहेको परीक्षण प्रतिवेदनबाट देखिएको र मौकामा कागज गर्ने पीडित परिवर्तित नाम ६२ज दैलेखले प्रयोग गरेको Seaking लेखिएको घडी वारदात स्थलबाट फेला परेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का रहेको र सो घडी वारदातस्थलमा फेला परेको, पीडितले लगाएको म्याक्सी च्यातिएको अवस्थामा रहेको, पीडितको शरीरमा विभिन्न भागमा चोटपटक तथा निलडाम भएको भन्नेसमेत बेहोरा मौकामा कागज गर्ने व्यक्तिहरूको कागज मिसिल सामेल रहेको र निजहरूले अदालतबाट सो समर्थन गरी गरेको बकपत्रबाट जाहेरी र पीडितको कथन समर्थित भएबाट आशय करणीको मात्र उद्देश्य रहेको भन्ने स्थापित नभई जबरजस्ती करणी महलको ५ नं. बमोजिमको जबरजस्ती करणीको उद्योगको वारदात गरेको मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएको अवस्थामा जबरजस्ती करणीको उद्योग नठहर्ने गरी भएको उच्च अदालतको फैसला मनासिब मान्न नमिल्ने ।

जबरजस्ती करणी उद्योग नठहर्ने गरी प्रतिवादीलाई सफाइ दिने गरी दैलेख जिल्ला अदालतबाट मिति २०७३।११।३० मा भएको फैसला सदर गरी आशय करणीमा परिणत गर्ने गरी भएको उच्च अदालत सुर्खेतको मिति २०७४।३।१९ को फैसला उल्टी भई प्रतिवादी चन्द्र कटुवाललाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ र ३ नं. को कसुरमा सोही महलको ३(३) बमोजिम हुने सजायमा ऐ.महलको ५ नं. बमोजिम आधा ३ वर्ष सजाय हुने ।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल आषाढ २२ गते रोज २ शुभम् ।**

**१८**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-१८०५, जबरजस्ती करणी, बिशाल वि.क. वि. नेपाल*

*सरकार*

जाहेरवालाले यी पुनरावेदक प्रतिवादीउपर दिएको किटानी जाहेरी, पीडितले प्रतिवादीले जबरजस्ती करणी गरेको भनी घटना विवरण कागजमा उल्लेख गरेको अवस्था, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Vagina मा Mild discharge देखिनुका साथै Hymen is ruptured at 3' O clock, 5' O clock and 9' O clock position भन्ने उल्लेख भएको, There is evidence of recent vaginal penetration of the victim भन्ने उल्लेख हुनुका अतिरिक्त However absence of positive findings does not mean that the alleged incident has not taken place भन्ने उल्लेख भएको र केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनमा exhibit no. 4 मा Human semen was detected भन्नेसमेत उल्लेख भएको देखिएकोसमेतका आधारमा प्रस्तुत मुद्दामा घटित वारदात जबरजस्ती करणीको कसुर स्थापित भएको अवस्थामा यस्तो भौतिक प्रमाणलाई ग्रहण नगरी आफूले दिएको जाहेरी र पीडितको घटना विवरण कागजमा गरेको सिलसिलेवार घटना विवरण प्रतिकूल हुने गरी पीडितले गरेको बकपत्र प्रमाणमा ग्रहण गरी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिएबाट यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. मा "**कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ**" भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त महलको ३ नं.ले जबरजस्ती करणीको कसुर गर्नेलाई कैद सजायको व्यवस्था गरेबमोजिम देहाय ४ मा "**सोह्र वर्षदेखि माथि बिस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म**" कैद सजाय हुने व्यवस्था छ। त्यस्तै गरी उक्त महलको ३क नं. मा "**कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ**" भन्ने व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. बमोजिम कसुर गरेको देखिँदा उक्त महलको ३ नं.बमोजिम को देहाय ४ बमोजिम पीडित १६ वर्षभन्दा माथि २० वर्षभन्दा कम उमेरको महिला रहेको हुँदा उक्त जबरजस्ती करणीको सजायमा ५ वर्ष र पीडित अपाङ्ग भएको हुँदा उक्त महलको ३क नं.बमोजिम थप ५ वर्ष गरी १० वर्ष कैद सजाय हुने र पीडितलाई प्रतिवादीबाट रू.२५,०००।– (पच्चिस हजार) क्षतिपूर्तिसमेत भराइदिने ठहर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७५।९।१५ गतेको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

पुनरावेदक प्रतिवादी विशाल वि.क.लाई मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम जबरजस्ती करणी गर्ने उद्योग ठहऱ्याई उक्त ऐनको ३(४) नं. बमोजिम ७ वर्ष कैद हुनेमा सोही

महलको ५ नं. ले आधा सजाय अर्थात् ३(तीन) वर्ष ६(छ) महिना सजाय हुने गरी सुरु सुर्खेत जिल्ला अदालतबाट भएको फैसला नमिलेबाट सो फैसला केही उल्टी भई प्रतिवादी विशाल वि.क.ले पीडित ६४ छिन्चु E१ अपाङ्गलाई जबरजस्ती करणी गरेको ठहर गरी निज प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको ३(४) नं. बमोजिम ५ वर्ष कैद र सोही महलको ३क नं. बमोजिम थप ५ वर्षसमेत १०(दश) वर्ष कैद गरी पीडितलाई प्रतिवादीबाट रू.२५,०००।– (पच्चिस हजार) क्षतिपूर्तिसमेत भराइदिने गरी उच्च अदालत सुर्खेतको मिति २०७५।९।१५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७७ असार २४ गते रोज ४ शुभम् ।**

**१९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७०-CR-०४८८*, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. बिलबहादुर गुरुङसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा उदय सेट्ठी र सन्तोष सेट्ठीको योजनाबमोजिम ग्राण्ड शिखर ओभरसिजका सञ्चालकले रकम नतिरेको, भनेको नमानेको जस्ता कारणले सञ्चालकलाई तर्साउने उद्देश्यले उक्त ओभरसिजको रिसेप्सनमा गई आशमान गुरूङले आफूसँग भएको पेस्तोल निकाली टेबुलमा एक पटक हानेको र तत्पश्चात् त्यहाँबाट दिपक पुनसँग मोटरसाइकलमा बाहिर गएको भन्ने यी प्रतिवादी आशमान गुरूङको बयानबाट देखिन्छ । प्रतिवादीहरूले जाहेरवालाहरूको ज्यान लिने उद्देश्यले गोली हानेको नभई केवल उक्त ओभरसिजको सञ्चालकलाई तर्साउनको लागि गोली हानेको देखिन आयो । जाहेरवालाहरूसँग पूर्वचिनजान तथा रिसइवीसमेत थिएन भन्ने कुरा जाहेरवालाहरूकै बकपत्रबाट देखिन आयो । यसै सन्दर्भमा विनोदकुमार शाहको जाहेरीले नेपाल सरकार वादी विरूद्ध ठकहर मुखिया विनसमेत भएको ज्यान मार्ने उद्योग मुद्दा (ने.का.प.२०६६, अङ्क ४, पृष्ठ ७०१, नि.नं.८१३६) मा **"कर्तव्य गरी ज्यान मरेको वा मार्नमा उद्योग गरेको भन्ने कसुरमा मनसाय तत्त्व प्रमुख रहन्छ । मनसायबेगर कसैले कसैको हत्या गर्दैन त्यसकारण मनसाय पत्ता लगाउन आवश्यक हुन्छ । मनसायको निर्धारण कसुर वारदातसँग सम्बन्धित काम कारबाहीमा गर्नुपर्ने हुन्छ । बन्दुक फायर हुनु नै ज्यान मार्ने मनसाय हो भनी भन्न नसकिने"** भनी सिद्धान्त कायम भएको देखिन्छ । यसर्थ, प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले ग्राण्ड ओभरसिजका सञ्चालकहरूलाई तर्साई आफ्नो माग पूरा गर्ने उद्देश्यबाट गोली चलाएको र जाहेरवालाहरूलाई मार्ने उद्देश्यसाथ गोली चलाएको भन्ने तथ्य स्थापित हुन सकेको नपाइने ।

त्यसैगरी ज्यान मार्ने उद्योगको कसुर ठहर हुनको लागि तेस्रो पक्षको उपस्थितिबाट ज्यान मार्ने कार्यमा असफल भएको हुनुपर्दछ । अर्थात् ज्यान मार्ने उद्योगको कसुर ठहर हुन तेस्रो पक्षको आकस्मिक उपस्थितिले ज्यान मार्ने कार्य रोकिएको हुनुपर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका आशमान

गुरूङ र दिपक पुन ग्राण्ड ओभरसिजको रिसेप्सनमा पुगिसकेपछि रिसेप्सनमा उक्त ओभरसिजका सञ्चालकका बारेमा सोधपुछ गरेपछि आशमान गुरूङले आफूसँग रहेको पेस्तोल निकाली एक पटक गोली हानेको भन्ने जाहेरवालाहरूको बकपत्रबाट देखिन्छ । उक्त घटना हुँदा तत्काल आशमान गुरूङसँग अन्य ४ राउण्ड गोली पनि रहेको भन्ने कुरा हातहतियार मुद्दाको बरामदी मुचुल्काबाट देखिन्छ भने यदि जाहेरवालाहरूलाई यी प्रतिवादीहरूको मार्ने नै उद्देश्य भएको भए अन्य गोलीहरू फायर गर्न कोही कसैले रोकेको वा तेस्रो पक्षको उपस्थितिबाट उक्त कार्य रोकिएको हो भन्ने पनि मिसिल संलग्न कागजातहरूबाट समेत देखिँदैन । यसै सन्दर्भमा व्राहिम मियासमेत पुनरावेदक / प्रतिवादी विरूद्ध सरातुल मियाइनीको जाहेरीले नेपाल सरकार वादी भएको ज्यान मार्ने उद्योग मुद्दा (ने.का.प.२०६६, पृष्ठ १०७८, नि.नं.८१११) मा **"ज्यान मार्ने मनसाय (Mens rea) रहेको नदेखिएको र प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको पनि नहुँदा ज्यान मार्ने उद्योगअन्तर्गतको कसुर मान्ने अवस्था रहेको भन्न नसकिने"** भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । तसर्थ, अभियोग मागदाबीबमोजिम ज्यान मार्ने उद्योगअन्तर्गतको कसुर ठहर भई प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू र जाहेरवालाहरूबिच पूर्वचिनजान तथा रिसइवी भएकोसमेत नदेखिएको, ग्राण्ड ओभरसिजको रिसेप्सनको टेबलमा गोली प्रहार हुँदा कुनै व्यक्ति लक्षित थियो भनीसमेत देखिन नआएको, तेस्रो पक्षको उपस्थितिबाट उक्त कार्य रोकिएको थियो भन्नेसमेत तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन नआएबाट प्रतिवादीहरू गोपीराम गुरूङ, आशमान गुरूङ, विलबहादुर गुरूङ र दीपक पुनलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नरेन्द्रबहादुर बुढा

कम्प्युटर : चन्दनकुमार मण्डल

**इतिसंवत् २०७६ सालअसोज ६ गतेरोज २ शुभम्।**

## इजलास नं.४

### २०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६-CR-१२२५, ठगी, नेपाल सरकार वि. कुमार विश्वकर्मा*

तत्काल प्रचलित मुलुकी ऐन, ठगीको महलको १ नं. मा **"...झुक्यानमा पारी वा जुनसुकै बेहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल लिए दिए दिलाएमा ठगी गरेको ठहर्छ"** भनी ठगीको परिभाषा गरेको पाइन्छ । सो परिभाषाअनुसार प्रतिवादी कुमार विश्वकर्माले जाहेरवालालाई कुनै कार्य गर्ने आश्वासन दिई झुक्यानमा पारेको वा निजको कुनै धनमाल लिएको भन्ने तथ्यसमेत प्रमाणित भएको नदेखिँदा उक्त ठगी कसुरमा निजको कुनै संलग्नता रहेको पुष्टि हुने आधार नदेखिने ।

यसै सन्दर्भमा, सर्वोच्च अदालतबाट

विष्णु भट्टराई वि. राजकुमारी बस्नेतसमेत भएको लेनदेन मुद्दा (ने.का.प. २०७०, अङ्क ४, नि.नं. ९००१) मा कुनै पनि लिखतमा भएका साक्षीहरूको सम्बन्धमा "...**लेखक साक्षीसमेतका साक्षीहरू लाभ पाउन सक्ने व्यक्ति नहुँदा निजहरूलाई सजाय गर्न आवश्यक नसम्झी अदालतले सजाय नगर्नसमेत सक्ने...**" भनी न्यायिक व्याख्यासमेत भएको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी कुमार विश्वकर्माले जाहेरवालाबाट कुनै रकम बुझेको वा कुनै प्रकारले प्राप्त गरेकोसमेत देखिँदैन । प्रतिवादी कुमार विश्वकर्मा लिखतमा साक्षी मात्र भई निज कुनै लाभ पाउन सक्ने व्यक्तिसमेत नभएको अवस्थामा निजलाई ठगी कसुरमा सफाइ हुने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

झापा जिल्ला अदालतबाट प्रतिवादी कुमार विश्वकर्मालाई सोही ऐन महलको ४ र ५ नं. बमोजिम एक वर्ष कैद, बिगो आठ लाख रूपैयाँ दामासाहीले जरिवाना र ठगिएको बिगो रकम आठ लाख जाहेरवालाले प्रतिवादीहरूबाट भरिपाउने गरी मिति २०७५।०३।१९ मा भएको फैसलालाई उच्च अदालत विराटनगर, इलाम इजलासले केही उल्टी गरी प्रतिवादी कुमार विश्वकर्मालाई सफाइ दिई मिति २०७५।०५।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७७ साल पौष १३ गते रोज २ शुभम् ।**

## २१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१२४५, ०७५-CR-१२५१, लागु औषध अफिम, पूर्णबहादुर पुन वि. नेपाल सरकार, रामु घर्ती वि. नेपाल सरकार*

निज प्रतिवादीहरूले आफ्नो साथबाट लागु औषध बरामद नभएको भनी लिएको जिकिर प्रमाणित गर्ने भार निजहरूमा नै निहित हुन्छ । निज प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष आफ्नो साथबाट लागु औषध बरामद भएको हो भनी कसुर स्वीकार गरी गरेको बयानलाई बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन तथा प्रहरी प्रतिवेदकले अदालतमा गरेको बकपत्रसमेतले समर्थन गरेको देखिन्छ । निजहरूले बरामदित लागु औषध अफिम आफूहरूको सँग साथबाट बरामद भएको नभई आफूहरू चढी आएको गाडीबाट बरामद भएको र सोही गाडीमा चढेका व्यक्तिहरूको हो भनी बयान गरे तापनि निजहरू चढेको गाडी कुन हो, कति नम्बरको हो जस्ता तथ्य खुलाउन नसकी गाडीको अस्तित्वलाई पुष्टि गर्न सकेको पाइँदैन । बरामदी मुचुल्का हेर्दा गाडीबाट बरामद भएको उल्लेख छैन । यसप्रकार पुनरावेदक प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयानमा बरामद भएको लागु औषध गाडीबाट बरामद भएको भन्ने तथ्य कुनै प्रमाणबाट समर्थन हुन सकेको नदेखिँदा निजहरूको इन्कारी बयान विश्वसनीय नरही प्रमाणमा लिन मिल्ने अवस्था नहुँदा निजहरूले कसुर गरेको स्थापित नै हुने ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूको साथबाट

कानूनद्वारा निषेधित लागु औषध अफिम फेला परेकोले सो वस्तु फेला पर्नुले नै निजहरूले आपराधिक कार्य गरेको स्थापित गराउँदछ । साथै, मुद्दाका प्रहरी प्रतिवेदकले पनि अदालतमा उपस्थित भई सुरू अनुसन्धानमा उल्लेख भएको बरामदी बेहोरा समर्थन हुने गरी बकपत्र गरेको तथा प्रतिवादीहरूले पनि वस्तुनिष्ठ प्रमाणहरूबाट निजहरूको अदालतको इन्कारी बयानलाई पुष्टि गर्न नसकेको अवस्थामा यी प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेकै हुँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू रूकुम जिल्ला अदालतबाट पुनरावेदक प्रतिवादीहरू पूर्णबहादुर पुन र रामु घर्तीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) को देहाय छ(३) बमोजिम जनही १५ (पन्ध्र) वर्ष कैद र रू.५,००,०००।– (पाँच लाख) जरिवाना हुने ठहर गरी भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत, तुलसीपुरबाट मिति २०७५।०२।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीहरू पूर्णबहादुर पुन र रामु घर्तीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : भेषराज भट्टराई / मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७७ साल पौष १२ गते रोज १ शुभम्।**

## इजलास नं.५

### २२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CI-०८६४, हक कायम जग्गा दर्ता नामसारीसमेत, देवकी श्रेष्ठ वि. मिथिलेश्वरी अमात्यसमेत

काठमाडौं जिल्ला थानकोट वडा नं.९ (क) कि.नं. ९० को क्षे.फ. ४-८-०-० जग्गा फिरादीको बज्यै श्रीकुमारी श्रेष्ठ भनिने शिलकुमारी अमात्यनीको हो, यो जग्गा मौजा थानकोट ९९७/७४१ हा.न. ४७६ को लगतबाट भिड्छ भन्नेसमेत वादीले जिकिर गरेको पाइयो। विवादित कि.नं. ९० को ४-८-०-० जग्गाउपर दाबी गरी यी वादी देवकी श्रेष्ठका अतिरिक्त मिथिलेश्वरी अमात्य, गोपालमान अमात्यसहितका तीन पक्षले फिराद दाबी गरेको देखियो। जग्गा नापी हुँदा मोही शेषकुमारी खत्री जनिएको र निजले जग्गा नापजाँच गर्दाका अवस्थामा जग्गाधनी शीला देवी अमात्यनी भनी लेखाएको पाइयो । सो नाम "सिताकुमारी" हो की "शिलाकुमारी" भनी लेखिएको हो भन्ने कुरा पनि विवादित अवस्थामा रहेको पाइयो । यस प्रकारको द्विविधाजनक अवस्था देखिएपछि सक्कल फिल्डबुक हेरी तथ्यगत प्रश्नको निरूपण गरिनु आवश्यक हुन्छ। मिसिलमा पेस हुन आएको उक्त कि.नं.९० को जग्गाका जोताहाको अस्थायी निस्सामा जग्गाधनीको नाम सिलकुमारी भन्ने लेखिएको देखिन्छ। यस अवस्थामा फिल्डबुकमा जनिएको जग्गाधनीको नाम "शिलाकुमारी" हो वा "सिताकुमारी" हो भन्ने यकिन नै नगरी सुरू र पुनरावेदन अदालतसमेतबाट फैसला भएको देखियो । फैसलाको परिणामस्वरूप विवादित जग्गाको स्वामित्व को कसमा रहने हो भन्ने कुरा नै निरूपण हुन सकेको नदेखिने।

यदि कुनै जग्गामा व्यक्तिको हक स्वामित्व

प्रमाणित हुँदैन भने सो सम्पत्ति सार्वजनिक वा सरकारी हुने अवस्था पनि रहन सक्तछ । अदालतसमक्ष विवादले प्रवेश पाएपछि त्यसको निरूपण पनि हुनु पर्दछ । सोअनुसार निरूपण गरिएको नदेखिँदा सुरू जिल्ला अदालतको मिति २०६९।३।१९ को फैसला तथा पुनरावेदन अदालत पाटनको मिति २०७०/११/५ को फैसला बदर गरिएको छ । अब यसमा विवादित कि.नं. ९० को जग्गाको साबिकको हकको स्रोतसहित नापीको समयमा खडा भएको सक्कल फिल्डबुक हेरी तथा मोहीलगायत अन्य आवश्यक सम्बद्ध प्रमाण जे जो बुझ्नुपर्छ बुझी, जग्गामा को कसको हक पुग्ने हो ? यदि दाबी गर्ने त्रिपक्षीय व्यक्तिहरू कोही कसैको पनि हक नपुग्ने हो भने जग्गा सार्वजनिक वा सरकारी कायम हुने हो वा के हो ? भन्नेसमेत समग्र प्रश्नको निरूपण गरी फैसला गर्नु भनी हाजिर रहेका पक्षहरूलाई तारिख तोकी मिसिलसमेत सुरू काठमाडौं जिल्ला अदालतमा पठाइ दिने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

**इति संवत् २०७६ साल फागुन २० गते रोज ३ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७३-CI-०८६३, हक कायम दर्ता नामसारीसमेत, मिथिलेश्वरी अमात्यसमेत वि. गोपालमान अमात्यसमेत
- ०७४-CI-११३४, हक कायम, मु.स. गर्ने राजु अमात्य वि. मिथिलेश्वरी अमात्यसमेत

**२३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७६-WH-०४१३, बन्दीप्रत्यक्षीकरण, अजम रोकाया वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

निवेदक मिति २०७०/२/९ मा पक्राउ परेका र हालसम्म कारागार कार्यालय, कालिकोटमा थुनामा रहेको देखिएको छ । निजलाई लागेको ६ वर्ष कैद मिति २०७६/२/८ मा नै भुक्तान भएको देखिन्छ । जरिवाना असुलीको सन्दर्भमा हेर्दा कसुर हुँदाको अवस्थामा प्रचलित कानून मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम रू.१८,०३,५८५।– जरिवाना हुने ठहर भएको पाइयो । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) अनुसार यस प्रकारको डाँका चोरी मुद्दामा पाँच वर्षदेखि दस वर्षसम्म कैद र रू. पचास हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुने देखिन्छ । यही मुद्दाका अर्का प्रतिवादी उपराज रोकायाको हकमा मुद्दा मुलतबीबाट जगाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) को प्रयोग गरी सोही दफामा तोकिएको हदभित्र पर्ने गरी ६ वर्ष कैद र साठी हजार रूपैयाँ जरिवाना हुने ठहरी मिति २०७६/७/२९ मा कालिकोट जिल्ला अदालतबाट फैसला भएकोसमेत पाइयो । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत घटी सजाय हुने रहेछ भने कानूनबमोजिम घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने देखिन्छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको

सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने, तर त्यस्तो सजाय मुलुकी अपराध संहिता, २०७४ मा लेखिएको हदसम्म मात्र कार्यान्वयन गरिने कुरा उल्लेख भएको पाइन्छ । उल्लिखित कानूनको सन्दर्भमा हेर्दा निवेदक अजम रोकायाले परिवर्तित कानूनले प्रदान गरेको सुविधा पाउने नै देखियो । वारदातको रूप र प्रकृतिसमेततर्फ दृष्टिगत गर्दा निज निवेदक (प्रतिवादी) बाट वर्तमान कानूनी सन्दर्भमा रू. एक लाखभन्दा बढी जरिवाना असुल गर्न मिल्ने नदेखिने ।

निवेदक अजम रोकायालाई भएको ६ वर्ष कैद निज पक्राउ परी थुनामा रहेको मिति २०७०/२/९ देखि २०७६/२/८ सम्ममा भुक्तान भइसकेको हुँदा मिति २०७६/२/८ उप्रान्त अहिलेसम्म बसेको ४२२ दिन कैदको प्रतिदिन रू.३००/- का दरले गणना गर्दा जरिवाना रू. १,००,०००/- (एक लाख) बापतसमेत कैद बसी भुक्तान गरिसकेको देखियो । यसरी फैसला र कानूनअनुसार भएको (हुन सक्ने) कैद र जरिवाना असुल भइसकेको अवस्थामा निजलाई खारेज भइसकेको मुलुकी ऐन, दण्ड सजायका महलको ३८ नं. बमोजिम भनी कैदमा राख्ने गरिदिइएको थुनुवा पुर्जी कानूनअनुकूल नदेखिने । परिणामतः निवेदकलाई अहिले गैरकानूनी रूपमा थुनामा राखेको देखिने ।

निवेदक अजम रोकायालाई भएको कैद तथा जरिवानाको रकम असुल भइसकेको अवस्थामा अहिले निजलाई गैरकानूनी रूपमा थुनामा राखेको देखिन आएकाले अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए उक्त डाँका चोरी मुद्दामा रहेको कैदबाट तत्काल मुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

**इति संवत् २०७७ साल भदौ १० गते रोज ४ शुभम् ।**

## २४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७५-WH-०१५९, बन्दीप्रत्यक्षीकरण, *मोहनबहादुर कार्की वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक मोहनमाया कार्कीको पति मोहनबहादुर कार्कीलाई सङ्गठित रूपमा हातहतियार खरखजाना ओसार पसार तथा सञ्चय मुद्दा थान- १, सङ्गठित रूपमा हातहतियार खरखजाना, विष्फोटक पदार्थको ओसार पसार, सञ्चय तथा सार्वजनिक सम्पत्तिमा विष्फोट गराएको मुद्दा थान-१ र सङ्गठित रूपमा आगजानी गरेको मुद्दा थान-१ गरी ३ थान मुद्दामा महानगरीय प्रहरी परिसर काठमाडौं, टेकुले काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ माइतीघरबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय संखुवासभा चैनपुरमा पठाएको देखिन्छ । जिल्ला प्रहरी कार्यालय संखुवासभा चैनपुरले कानूनबमोजिम पटकपटक जिल्ला अदालत संखुवासभाबाट म्याद थप लिई जिल्ला सरकारी वकिल कार्यालयमार्फत मिति २०७६।१।१६ मा प्रस्तुत मुद्दाको अभियोगपत्र दायर गरेको पाइयो । संखुवासभा जिल्ला

अदालतको मिति २०७६।१।१७ गतेको थुनछेक आदेशअनुसार मोहनबहादुर कार्की साधारण तारेखमा छुटिसकेको कुरा उक्त अदालतको लिखित जवाफसमेतबाट देखिन्छ । यसरी निवेदकलाई सङ्गठित अपराधसमेतको विभिन्न ३ वटा मुद्दामा अनुसन्धान गर्ने क्रममा प्रचलित कानूनबमोजिम अदालतको समेत अनुमति लिई पक्राउ गरेको देखिएको र पक्राउ गरिसकेपछि अनुसन्धानको लागि अदालतबाट म्याद थप गरी हिरासतमा राखी अदालतको आदेशबमोजिम साधारण तारेखमा छुटिसकेको देखियो। निवेदक मोहनबहादुर कार्की मुद्दा पुर्पक्षको क्रममा संखुवासभा जिल्ला अदालतको आदेशले साधारण तारेखमा छुटिसकेकाले प्रस्तुत निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने।

निवेदक बन्दी अवस्थामा रहेको नदेखिँदा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। निवेदन खारेज हुने।

इजलास अधिकृत : डल्लुराम चौधरी

**इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम्।**

२५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१६९९, हाडनातामा जबरजस्ती करणी, अर्जुन वि.क. वि. नेपाल सरकार

प्रतिवादी अर्जुन वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष जाहेरी बेहोरा एवं पीडितको बयान कागजबमोजिमको रीतबाट मिति २०७१/१/२९ का दिन राति २३.०० बजेको समयमा घरको छतमा लगी छोरीले म तपाइँको श्रीमती होइन, छोरी हो भन्दा पनि वास्ता नगरी कसैलाई भनेमा ज्यान मारिदिन्छु भनी छोरीलाई जबरजस्ती करणी गरेको हुँ भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ। जाहेरी बेहोरा एवं प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिती बयान समर्थित हुने गरी मौकामा कागज गर्ने पीडितकी आफ्नै बिहिनी एवं प्रतिवादीका अर्की छोरी प्रेमा वि.क. लगायत बुझिएका मानिस रूपा वि.क.समेतले बेहोरा लेखाइदिएको पाइयो । वस्तुस्थिति मुचुल्काका मानिसहरू सचिन वि.क.समेतले सोहीअनुसारको बेहोरा उल्लेख गरेको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको कन्याजाली नभएको भन्ने देखिएको छ। उमेर केबल १५ वर्ष भएकी पीडितको कन्याजाली नहुनुमा जबरजस्ती करणीबाहेक अन्य कारण थियो भन्ने कुरा तथ्ययुक्त रूपमा पुष्टि भएको नदेखिने।

प्रतिवादीले पुनरावेदन गर्दा जाहेरवालाको अदालतसमक्षको प्रतिकूल (Hostile) बकपत्रलाई आधार लिएको पाइयो । सुरुमा जाहेरी दिने र तत्पश्चात् अदालतसमक्ष उपस्थित भई जाहेरी बेहोराको प्रतिकूल बकपत्र गर्ने कुरालाई सन्दर्भ सापेक्ष रूपमा हेर्नुपर्ने हुन्छ । आफ्नो पतिको सामान्य झगडालु स्वभावलाई परिवर्तन गराउन थुनाउने प्रयोजनको लागि आफ्नै छोरीउपर जबरजस्ती करणी जस्तो गम्भीर अपराधको आरोप लगाइन्छ भनी सामान्यतः विश्वास गर्न सकिँदैन । जाहेरी दिँदाका अवस्थामा जाहेरीको बेहोराका सम्बन्धमा आफू पूर्णतः अनभिज्ञ थिए भन्ने भनाइ पनि जाहेरवालाको देखिँदैन। झगडालु स्वभावको श्रीमान्लाई सुधार गर्नका लागि जबरजस्ती करणी

जस्तो गम्भीर अपराधको आरोप लगाउनेबाहेक कानूनबमोजिमका अन्य उपायहरू नै अपनाउनु स्वाभाविक थियो । सामाजिक सम्बन्धको कारणबाट बकपत्र गर्दाको अवस्थामा सोचाइमा आएको परिवर्तनको परिणाम स्वरूप व्यक्त गरिएको यस प्रकारको भनाइलाई मात्र हेरेर प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिनु विवेकपूर्ण नदेखिने।

प्रतिवादी अर्जुन वि.क. उपरको आफ्नै छोरी नाताकी नाबालिकालाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी शंकारहित तवरबाट प्रमाणित भएको देखिँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र २ नं. अनुसारको कसुरमा ३(३) नं. बमोजिम ८ वर्ष कैद, हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० वर्ष कैद र ऐ. जबरजस्ती करणीको १० र १०ग. नं. बमोजिम पीडितलाई रू. ५०,०००/- (पचास हजार) क्षतिपूर्तिसमेत दिलाई भराई दिने ठहर गरेको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७२/९/१९ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल असार १९ गते रोज ६ शुभम्।**

**२६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७१–WO-०८७०, परमादेशसमेत, विष्णुप्रसाद बास्तोला वि. सहरी विकास मन्त्रालयसमेत

निवेदक विष्णुप्रसाद बास्तोलालाई पोखरा उपत्यका नगर विकास समितिको अध्यक्ष पदमा मिति २०७०/१/१३ को निर्णयअनुसार दुई वर्षका लागि मनोनयन गरिएको देखियो । उक्त दुई वर्षे कार्यकाल २०७२ सालमा नै समाप्त भइसकेको देखिन्छ । यस अवस्थामा अहिले २०७७ साल फाल्गुणमा आउँदासम्म प्रस्तुत रिट निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिएकाले यसमा थप विचार वा विवेचना गरिरहन परेन । निवेदन निष्प्रयोजन देखिन आएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: विजय खड्का

**इति संवत् २०७७ साल फागुन १८ गते रोज ३ शुभम्।**

- यसै लगाउको ०७१-WO-०८९४, उत्प्रेषण, विष्णुप्रसाद बास्तोला वि. सहरी विकास मन्त्रालयसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-RC-०१३१, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमबहादुर मुसहर

जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र, प्रतिवादी प्रेमबहादुर मुसहरले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा गरेको बयान, बुझिएका मनिसहरूको भनाइ, लास फेला परेको अवस्थासमेतका समस्त घटना, परिस्थिति र प्रमाणबाट दुवै खुट्टामा घाउ भई अशक्त अवस्थामा रहेकी आफ्नी पत्नी पुनम मुसहरलाई यिनै प्रतिवादीले पानीमा फ्याकेको र सोही कारणबाट पुनम मुसहरको मृत्यु हुन गएको कुरा प्रमाणित

भएकाले निज प्रतिवादी प्रेमबहादुर मुसहरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सुरू नवलपरासी जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५/१०/२२ को फैसला मनासिब देखिँदा सदर हुने।

प्रतिवादी प्रेमबहादुर मुसहरलाई सुरू जिल्ला अदालत तथा उच्च अदालत तुलसीपुर, अस्थायी इजलास बुटवलबाट भएको फैसलामा निजको सर्वस्वसमेत गर्ने ठहर भएकोमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी हुने रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने व्यवस्था रहेको र मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ समेतमा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिको सर्वस्व गर्ने व्यवस्था रहेको नदेखिएको हुँदा निज प्रेमबहादुर मुसहरको सर्वस्व गरिरहन नपर्ने।

अब जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई ५(पाँच) वर्ष कैद सजाय हुन भनी राय व्यक्त भई आएको सन्दर्भमा विचार गर्दा आफ्नी बिरामी र अशक्त अवस्थाकी पत्नीलाई उपचार गराउने, संरक्षण गर्ने, भरसक बचाउने प्रयास गर्नुपर्ने कर्तव्य भएका पति नाताका व्यक्तिले नै उपचारको बहाना बनाई घरबाट साइकलमा लगि गण्डक नहरको पानीमा फाली निर्मम र अमानवीय तबरबाट हत्या गरेको देखिएको छ। निजले विश्वासको घात गरेको तथा अपराध लुकाउने चेष्टासमेत गरेको पाइयो । उल्लिखित अवस्था र परिस्थितिलाई अपराधको गम्भीरता बढाउने कारक तत्त्वको रूपमा हेर्नुपर्ने हुन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ ले समेत यस प्रकारको परिस्थितिलाई कसुरको गम्भीरता बढाउने अवस्थाको रूपमा लिएको देखिन्छ । यस अवस्थामा प्रतिवादीलाई घटी सजाय गर्न "चित्तमा लाग्नु पर्ने" कुनै कारण देखिँदैन । कसुरको गम्भीरतातर्फ विवेकपूर्ण रूपमा दृष्टि नदिई केवल कसुरदारप्रति निरपेक्ष रूपमा सहानुभूति राखेर भावनाका आधारमा घटी सजाय गर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. मा रहेको न्यायिक विवेक प्रयोग गर्ने अख्तियारीको दुरूपयोग हुन जान्छ। उल्लिखित अ.बं. १८८ नं. मा रहेको प्रावधान न्याय गर्नका लागि व्यवस्थित भएको हो, यो प्रावधानको दुरूपयोग गरी न्यायिक विचलनको स्थिति पैदा गर्नु विवेकपूर्ण हुँदैन । तसर्थ, उच्च अदालतबाट व्यक्त भई आएको घटी सजाय गर्ने रायसँग सहमत हुन सकिएन। प्रतिवादी प्रेमबहादुर मुसहरलाई ऐनबमोजिम हुने ठहर भएको जन्मकैदको सजाय हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल असार १५ गते रोज २ शुभम्।**

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७६-WH-००१६, बन्दीप्रत्यक्षीकरण, *सत्यमान लामा वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक प्रतिवादी सत्यमान लामाको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको वतन काभ्रे जिल्ला पुरानो गाउँ गा.वि.स. वडा नं. ७ उल्लेख भएको देखियो। निजका नाउँमा उक्त बैंकिङ कसुरको मुद्दा चलाउँदा र म्याद जारी गरी पठाउँदा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ४ विशालनगर वस्ती घर नं. १११ भनी उल्लेख भएको पाइयो । सो वतन निजको वास्तविक वतन हो भन्ने तथ्य पुष्टि हुने कुनै आधार प्रमाण पेस हुन आएको मिसिल संलग्न प्रमाणबाट देखिन आएन । मिति २०७५।९।१८ मा तामेल भएको भनिएको म्यादसमेत कुन घरद्वारमा तामेल गरेको हो सो स्पष्ट रूपमा खुल्न आएको देखिएन। यसबाट प्रतिवादीले रीतपूर्वक प्रतिवादको मौका पाएको मान्न नमिल्ने।

रिट निवेदक सत्यमान लामाउपर प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल कारबाही र फैसला भएको देखिँदा निजका नाउँमा मिति २०७५।९।१८ मा तामेल भएको भनिएको बेरितको तामेली म्याद, सो आधारमा भएको उच्च अदालत पाटनको मिति २०७६।२।६ को फैसला र सो फैसलाअनुसार काठमाडौं जिल्ला अदालतबाट जारी भएको निजको नाउँको मिति २०७६।०४।९ को कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निज प्रतिवादी सत्यमान लामालाई कारागार कार्यालयबाट झिकाई विवादित बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका जो जे प्रक्रिया पूरा गर्नुपर्छ गरी कानूनबमोजिम मुद्दामा पुन: फैसला गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल, ओजा लामिछाने

**इति संवत् २०७६ साल श्रावण २४ गते रोज ६ शुभम्।**

## २९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-०८१९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रेवतीप्रसाद घिमिरे

प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी रेवतीप्रसाद घिमिरेले अनुसन्धान अधिकृतसमक्ष र वैदेशिक रोजगार न्यायाधिकरणमा समेत बयान गर्दा मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र लिएको छैन; तत्सम्बन्धी काम गर्ने मानिस पनि होइन। मैले जाहेरवाला रविन्द्र भुपाल प्रधानलाई चिन्दिन; मेरो छोरा बुहारी जापानमा बस्दै आएका छन् । जापान बस्ने छोराले सुशिल यादवमार्फत रू. १,३२,०००/- (एक लाख बत्तीस हजार) पठाएको छु; भेट गरेर लिनुहोला भनी भनेकोमा पछि फेरी रविन्द्र भुपाल श्रेष्ठको नाउँबाट बुबाको खातामा रकम जम्मा गर्न लगाएको छु भनी छोराले फोन गरेकोले आफ्नो नाउँको नविल बैंकको खातामा जम्मा भएको रू.१,३२,०००/- (एक लाख बत्तीस हजार रूपैयाँ) झिकी घर व्यवहार चलाएको हुँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । जाहेरवाला रविन्द्र भुपाल प्रधानले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान

गर्दा सुशिल यादव भन्ने व्यक्तिले रेवतीप्रसाद घिमिरेको नामको नविल बैंकको खातामा रकम जम्मा गर्नु भनेकोले मैले विदेश जाने प्रोसेसको लागि भनेर एक लाख बत्तीस हजार रूपैयाँ जम्मा गरेको हो; प्रतिवादी रेवतीप्रसाद घिमिरेलाई चिनेको छैन । सुशिल यादवले रेवतीप्रसाद घिमिरेका छोरा जापानमा साथी हौं भनेका र सुशिल यादवले नै रेवतीप्रसादको नाम र बैंक खाता नम्बर दिएकोले उक्त खातामा रकम जम्मा गरेको हुँ; रकम जम्मा गरेको भौचर रेवतीप्रसाद घिमिरेको नाउँको भएकोले निजउपर मुद्दा दिएको हुँ भनी बकपत्र गरेको पाइन्छ । प्रतिवादी रेवतीप्रसाद घिमिरेले खातामा जम्मा भएको रकम रू.१,३२,०००/- आफूले झिकेर घर व्यवहार चलाएको भनी स्वीकार गरे तापनि रेवतीप्रसाद घिमिरेले सो रकम जाहेरवालालाई वैदेशिक रोजगारका लागि पठाई दिने भनी बुझिलिएको भन्ने कुरा कहीँकतैबाट खुल्न सकेको पाइँदैन । जाहेरवाला स्वयम्ले प्रतिवादी रेवतीप्रसाद घिमिरेलाई चिनेको छैन भनी बकपत्र गरेको देखिएबाट जाहेरवाला र प्रतिवादीबिचमा वैदेशिक रोजगारका सम्बन्धमा कुनै कारोबार भएको कुरा विश्वासलायक देखिएन । यसरी प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारको लागि जापान पठाइदिन्छु भनी रू. १,३२,०००।- लिएको भन्ने जाहेरी कथन अन्य कुनै विश्वसनीय र ठोस सबुद प्रमाणबाट समर्थित भएको पाइएन । फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने भार वादी नेपाल सरकारको नै हुने भएको र प्रस्तुत मुद्दामा यी प्रतिवादीउपरको अभियोग दाबी खम्बीर हुने प्रमाण वादी पक्षले गुजार्न नसकेबाट प्रतिवादी रेवतीप्रसाद घिमिरेलाई आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४/९/३० मा भएको फैसला मनासिब नै देखिने ।

प्रतिवादी रेवतीप्रसाद घिमिरेलाई अभियोग दाबीबाट सफाई दिने ठहर गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४/९/३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल चैत्र ४ गते रोज ४ शुभम् ।**

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-१२०८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. वैद्य नारायण यादव भन्ने वेदनारायण यादव

प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी वैद्य नारायण यादव भन्ने वेदनारायण यादवले अनुसन्धान अधिकृतसमक्ष तथा वैदेशिक रोजगार न्यायाधिकरणमा समेत बयान गर्दा म भेलोर इन्टरनेसनल प्रा.लि. काठमाडौंको बजार प्रबन्धकको रूपमा कार्यरत हुँदा जाहेरवालाले मलाई भेटेर राम्रो डिमान्डमा विदेश पठाइदिनु भनी भनेकाले निजसँग रू. ७३,०००/- आई.एम.ई. मार्फत बुझिलिएको हुँ; विदेशको रोजगारदाता

कम्पनीमा समस्या देखिएपछि जाहेरवालालाई दु:ख हुन्छ भनी विदेश नपठाएको हो; मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र लिएको छैन; जाहेरवालाबाट लिएको रकम निजलाई फिर्ता गरिसकेको छु भनी बयान गरेको पाइयो । मिसिल संलग्न कागजात हेर्दा जाहेरवाला उपेनकुमार सदाले प्रतिवादीलाई आई.एम.ई गरेको रू. ७३,०००/- तथा मेडिकल प्रहरी रिपोर्टबापतको रू. १३,०००/- समेत गरी जम्मा रू. ८६,०००/- मिति २०७३/११/१० गते प्रतिवादी वैद्य नारायण यादव भन्ने वेदनारायण यादवले जाहेरवालालाई फिर्ता गरिसकेको देखियो । यसरी प्रतिवादीले जाहेरवालालाई जाहेरीमा उल्लेखित रकम फिर्ता गरिसकेको र प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारको लागि साउदी अरब पठाई दिन्छु भनी रू. ७३,०००/- लिएको भन्ने जाहेरी कथन अन्य कुनै विश्वसनीय र ठोस सबुद प्रमाणबाट समर्थित भएको पाइएन । फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने भार वादी नेपाल सरकारको नै हुने भएको र प्रस्तुत मुद्दामा यी प्रतिवादीउपरको अभियोग दाबी खम्बीर हुने प्रमाण वादी पक्षले गुजार्न नसकेबाट प्रतिवादी वैद्य नारायण यादव भन्ने वेदनारायण यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५/२/२९ मा भएको फैसला मनासिब देखिने ।

प्रतिवादी वैद्य नारायण यादव भन्ने वेदनारायण यादवलाई अभियोग दाबीबाट सफाई दिने ठहर गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५/२/२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल चैत्र ४ गते रोज ४ शुभम् ।**

३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७६-RC-००७१, कर्तव्य ज्यान र जबरजस्ती चोरी, नेपाल सरकार वि. विनिता भन्ने डिल्लीमाया कार्की

मृतक रूद्रमाया र प्रतिवादी डिल्लीमाया कार्की सौता/सौता रहेको; निजहरूबिचको सम्बन्ध सुमधुर नभई आपसी झै-झगडा हुने गरेको कारण रूद्रमाया माइतमा गई बस्ने गरेको; मृतक र निज डिल्लीमाया सासुको काज किरियामा एउटै कोठामा बसेको; सासुको किरिया बसेका बखत रूद्रमायाले अंश छुट्याई लिने कुरा गरेकोले निजले सम्पत्ति खाने भई भन्ने डिल्लीमायालाई पीर परेको; सासुको काज किरिया सकिएकै दिनको राति नै सुतेका बखत मृतकलाई मार्ने उद्देश्यका साथ मृतक निदाएको मौका छोपी पहिले रूद्रमायाको छातीमा बसी घाँटी थिचेको थिचै गरेको; त्यसपछि चिरपट दाउराले टाउकोमा हानेको; त्यसपछि गम्छाले घाँटीमा बेरी दुईतिरबाट घाँटी कसेर मरेपछि छाडेको; रूद्रमायाको मृत्यु भएपछि लासलाई पहिले भान्सा कोठामा लास राखी ताला मारी चाबी आफैँले राखेको; भोलिपल्ट सबैजना सुतिसकेपछि लासको घाँटीमा बेरिएको गम्छा तानी लास घिसार्दै सेफ्टी ट्याङ्कीमा हाली ट्याङ्कीको ढक्कन लगाएको; पछि सेफ्टी ट्याङ्कीबाट लासका अङ्गहरू देखिन थालेपछि सेफ्टी ट्याङ्कीबाट लास निकाली

खाडो खनेर लास हाली मल तथा माटोले पुरेको; सो वारदात डिल्लीमाया एक्लैले गरेकोसमेतका तथ्यहरूमा साबित भई प्रतिवादी डिल्लीमाया कार्कीले अनुसन्धान अधिकारी तथा सुरू जिल्ला अदालतसमक्ष बयान गरेको पाइयो । लास फेला परेको अवस्था, घटनास्थल प्रकृति, मृतकको शरीरमा रहेका सुनका गहना प्र. डिल्लीमायाले राखेको स्थानबाट बरामद भएको अवस्था, बुझिएका समस्त मानिसहरूको मौकाको कागज तथा बकपत्र, दसीका माल-वस्तु बरामद भएको अवस्थासमेतका समस्त प्रमाण र परिस्थितितर्फ विचार गर्दा सौता नाताकी रूद्रमायालाई कर्तव्य गरी मारेको भनी प्रतिवादी डिल्लीमाया कार्कीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा गरेको साबिती बयानको सत्यता वा वास्तविकतामा सन्देह गर्नुपर्ने वा विश्वास गर्नु नपर्ने कुनै उचित कारण देखिँदैन । सौताले अंशमा दाबी गरी सम्पत्ति लिने खाने कुरा गरेको कुराको रिसइवीले ज्यान मार्ने आपराधिक मनसाय राखेर हत्या गरेको तथ्य पर्याप्त र शंकारहित तवरबाट प्रमाणित भएको देखिने ।

प्रतिवादी विनिता भन्ने डिल्लीमाया कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत जनकपुरको मिति २०७६/२/१ को फैसला मनासिब देखिँदा सदर हुने ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन” भन्ने व्यवस्था रहेकोले निज प्रतिवादी विनिता भन्ने डिल्लीमाया कार्कीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम हुने ठहर भएको सर्वस्व अब गरिरहन परेन । निजलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल फागुन ७ गते रोज ६ शुभम् ।**

## इजलास नं.६

३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२०४, बन्दीप्रत्यक्षीकरण, टिकाराम रखाल वि. महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरसमेत*

निवेदकलाई मिति २०७७।९।२९ मा पक्राउ गरेको भन्ने निवेदन जिकिर रहेकोमा विपक्षीहरू महानगरीय प्रहरी परिसर, जावलाखेल, ललितपुरको लिखित जवाफ हेर्दा “पक्राउबाट भगाउन वा थुनाबाट उम्काउन नहुने” शीर्षकमा पक्राउ गरी ललितपुर जिल्ला अदालतबाट म्याद थप गराई निवेदकउपर अनुसन्धान भइरहेको भन्ने उल्लेख भएकोमा निवेदकसमेतले पक्राउबाट भगाउन वा उम्काउन खोजेको भनिएको धर्मेन्द्र बास्तोला सोही स्थान र समयमा नै पक्राउ परेको भन्ने लिखित जवाफबाट देखिएको र निज धर्मेन्द्र बास्तोलाको ०७७-WH-०२१७ को निवेदन यसै अदालतमा विचाराधीन रहेको देखियो । लिखित

जवाफमा उल्लिखित अर्को 'अनिल' भन्ने व्यक्ति यी हुन् भन्ने नखुलेको र म्याद थपको क्रममा यो तथ्यलाई नहेरिएको पाइयो । साथै यी निवेदक टिकाराम रखाललाई थुनामै राखी उक्त मुद्दाको अनुसन्धान गर्नुपर्ने अवस्था विद्यमान नदेखिएको र निवेदकलाई थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ तथा दफा १४ को प्रतिकूल भई त्रुटिपूर्ण देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम निवेदक टिकाराम रखाललाई थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७७ साल माघ २० रोज ३ शुभम् ।**

- यसै लगाउको ०७७-WH-०२०५, बन्दीप्रत्यक्षीकरण, विवेक कुमाल वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## ३३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०६८-CI-१२२४, अंश चलन, मातृकाप्रसाद थापा वि. धनमाया कुँवर*

इलाम जिल्ला, चमैता गाउँ विकास समिति वडा नं. ४ (ख) मा रहेको कि.नं. २२२ र कि.नं. २५४ को जग्गाहरू मिति २०४७।११।०५ मा लक्ष्मीमाया कुँवरको पति शेरबहादुर कुँवरले धनमाया बस्नेतलाई बिक्री गरेको देखिन्छ । यसरी हेर्दा, उक्त जग्गा बिक्री गरे लगत्तै उल्लिखित कि.नं. ८९ को जग्गा मिति २०४७।११।०९ मा खरिद गरी लिएको अवस्था देखियो । मिति २०५३।१०।२५ को अंश भरपाई लिखत हेर्दा, कित्ता नं. ८९ को जग्गा उक्त अंश भरपाई लिखतमा परेको देखिँदैन । यसैगरी पुनरावेदक प्रतिवादी लक्ष्मीमाया कुँवरले विवादित कित्ता नं. ८९ को जग्गा सगोलको सम्पत्ति नभई स्वआर्जित सम्पत्ति हो भन्ने जिकिरलाई प्रमाणित गर्ने आवश्यक प्रमाण अदालतसमक्ष पेस गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा अंश भरपाईलाई हेर्नुपर्ने हुन्छ । अंश भरपाईमा जुन कुरा पाउने हो सो लेखिन्छ, सोबाहेकका सम्पत्ति सगोलमा रहेको भन्ने मान्नुपर्ने अवस्था हुँदा उल्लिखित कि.नं. ८९ को जग्गा बन्डा लाग्ने गरेकोलाई अन्यथा मान्नुपर्ने देखिएन । यसैगरी पुनरावेदक प्रतिवादी लक्ष्मीमाया कुँवरले आफ्नो पतिको जीवनकालमा नै पति शेरबहादुर कुँवरबाट मिति २०५३।१०।२५ मा अंश भरपाई गरी विधिवत्रूपमा अंश लिई बसेको र विवादित कि.नं. ८९ को जग्गा सगोलको रहेको भन्ने मिसिल संलग्न कागजातबाट प्रमाणित भएबाट सुरू अदालतले ५ भागको १ भाग अंशबापत वादीले छुट्याई लिन पाउने ठहऱ्याएको फैसला उल्टी गर्दै लक्ष्मीमाया कुँवरलाई बाहेक गरी ४ भागको १ भाग वादीले छुट्याई लिन पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिन आएको ।

पुनरावेदक प्रतिवादीले मिति २०६६।१०।२२ द.नं. ४१३ मा अदालतसमक्ष पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित कित्ता नं. १९ र कित्ता नं. २३८ को जग्गाबाहेक वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीमा

उल्लिखित अन्य सम्पत्तिबाट ४ भागको १ भाग वादीले प्रतिवादीबाट छुट्याई लिन पाउने गरी पुनरावेदन अदालत इलामबाट मिति २०६८।०३।०७ गते भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७७ साल माघ १९ रोज २ शुभम् ।**

## इजलास नं.७

### ३४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-०१८२, लागु औषध (डाइजेपामसमेत), नेपाल सरकार वि. संगित के.सी.*

प्रतिवादीहरूले सुरू अदालतमा उपस्थित भई बयान गर्दा बरामद भएको लागु औषध बिक्री वितरण गर्नको लागि खरिद नगरी सेवन गर्नको लागि खरिद गरेको कुरामा साबित भएको, अभियोक्ताले यी प्रतिवादीहरूले बरामद भएको लागु औषध बिक्री वितरण गर्नको लागि नै खरिद गरेको हो भनी वस्तुनिष्ठ सबुद प्रमाण पेस गरी पुष्टि गर्न नसकेको, यी प्रतिवादीहरूको उमेर अवस्थासमेतलाई विचार गर्दा यी प्रतिवादीहरूलाई लागु औषध बिक्री वितरणतर्फको अभियोगमा दाबी नपुग्ने र सेवनतर्फ दाबी पुग्ने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालतको फैसला न्याय र कानूनको रोहमा मिलेकै देखिने । पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।६।१ मा सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।२।१३ मा प्रतिवादी दुवैजनाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिमको कसुर अपराध गरेको देखिँदा निजहरूलाई सोही ऐनको दफा १४(१)(ज) बमोजिम सेवनतर्फको कसुरमा जनही कैद महिना २(दुई) हुने ठहऱ्याई भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : शान्ति तामाङ

**इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम् ।**

### ३५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-०२७७, सामूहिक जबरजस्ती करणी, नेपाल सरकार वि. गोबर्धन बस्नेतसमेत*

प्रतिवादीहरूमध्येका गोबर्धन बस्नेतले अन्य प्रतिवादीहरूसँग वारदातपूर्व साथमा रहेको, अजित के.सी.लाई पसलसम्म बोलाउने कार्य गरेको, पीडितलाई जबरजस्ती करणी भएको वारदातमा निज र दिपक के.सी.समेत उपस्थित रही सो वारदात गर्ने गराउने अन्य प्रतिवादीको कार्यमा सामान्य सहयोग गरेको भन्ने पुष्टि भएको हुँदा यी कसुरको प्रकृति र गम्भीरता तथा अपराधमा प्रतिवादीहरूको सहभागिता, निज प्रतिवादीहरूको उमेरसमेतका आधारमा निज प्रतिवादीहरू गोबर्धन के.सी. र दिपक के.सी. लाई जनही डेढ वर्ष कैद गरी पीडित रेश्मी चौधरी १३ वर्षकी देखिएकोले सो सजायको दोब्बर सजाय गर्दा निज प्रतिवादीहरूलाई

जनही ३ वर्ष कैदको सजाय हुने देखिँदा कानूनको मकसद पनि पूरा हुने नै देखिन आयो। यसरी निज प्रतिवादीहरूलाई जनही ३ वर्ष कैदको सजाय गर्दा कानून र न्यायको रोहमा पर्याप्त हुने देखिन आएको हुनाले पुनरावेदन अदालत तुलसीपुरबाट भएको उक्त फैसला मिलेकै देखिने।

सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६९।१।२५ मा भएको फैसला त्रुटिपूर्ण देखिएकोले उल्टी भई प्रतिवादीमध्येका अजित के.सी.लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद र सामूहिक रूपले करणी गरेकोमा सोही महलको ३क नं. बमोजिम थप ५(पाँच) वर्ष कैद सजायसमेत हुने र निज प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम पीडित रेश्मी चौधरीले रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहऱ्याएकोतर्फ पुनरावेदन परेको नदेखिएकोले त्यसतर्फ बोल्नुपर्ने अवस्था नरहेको एवं प्रतिवादीहरू दिपक के.सी. र गोबर्धन बस्नेतले पीडित रेश्मी चौधरीलाई अन्य प्रतिवादीहरूले जबरजस्ती करणी गर्दा घटनास्थलमा मौजुदा रही उक्त वारदात गर्न गराउनको निमित्त सहयोग गरेको देखिँदा निजहरूलाई जबरजस्ती करणीको ४ नं. अनुसार जनही ३ (तीन) वर्ष कैद सजाय हुने ठहऱ्याई भएको पुनरावेदन अदालत तुलसीपुर दाङको मिति २०७१।१।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल साउन १५ गते रोज ५ शुभम्।**

## इजलास नं.८

३६

**मा.न्या.श्री प्रकाशमानसिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७५-WO-१२०८, उत्प्रेषण, सरस्वतीकुमारी गौतम वि. श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय औराहासमेत*

निवेदिका करार शिक्षकमा नियुक्त भई एक विद्यालयबाट रमाना भई अर्को विद्यालय नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय औराहाको रिक्त पदमा पदस्थापित भई कार्यरत रहेको देखिएबाट निजको उक्त पदलाई स्थायी भन्ने निजको भनाइ आफैँमा गलत रहेको देखिन्छ। सन् २०२२ सम्मका लागि नियुक्त भएको भन्ने निवेदिकाले माथि उल्लेख भएको परीक्षामा आफैँ सामेल भएबाट निजको उक्त जिकिर निरर्थक देखिने।

सञ्चालित परीक्षामा निवेदिका सामेल भएकी हुँदा निज सो परीक्षामा उत्तीर्ण भएको भए निज स्थायी शिक्षकमा नियुक्त भई उक्त कानूनी प्रावधानबाट आफूले लाभ लिन सक्ने स्थिति रहेको अर्थात् सो लाभ लिन निवेदिकाले प्रयत्न गरेको देखिन्छ । तर सो परीक्षामा अनुत्तीर्ण भएको र उपर्युक्त कानूनी प्रावधान (ऐनको दफा ११च. को उपदफा १०) अनुसार शिक्षक पदबाट अवकाश पाएपछि ऐनको उक्त प्रावधान आफ्नो हकमा आकर्षित हुँदैन भन्न निजलाई विबन्धनको सिद्धान्तले निषेध गर्ने देखिएको।

शिक्षा ऐन, २०२८ को दफा ११च. मा प्रतियोगितात्मक परीक्षा सञ्चालनसम्बन्धी

व्यवस्था रहेको र सो दफा११च.को उपदफा ११ मा "**यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ भएपछि शिक्षकको पदपूर्तिको लागि हुने खुलातर्फको पहिलो विज्ञापनमा उम्मेदवार हुन राहत शिक्षकको रूपमा कार्यरत शिक्षकलाई उमेरको हद लाग्ने छैन**" भन्ने व्यवस्था भएको पाइयो । यसरी उक्त दफा ११च. अन्तर्गत भएका प्रतियोगितात्मक परीक्षामा सामेल हुनलाई राहत कोटाका शिक्षकलाई उमेरको हद नलाग्ने भनी त्यस्ता शिक्षकलाई सुविधा प्रदान गरेको देखिन्छ । यसबाट पनि राहत कोटाका शिक्षकले पनि सो परीक्षा दिनुपर्ने कुरा स्वतः स्पष्ट हुन्छ भने राहत कोटाका शिक्षकले त्यस्तो परीक्षामा सामेल हुन पर्दैन भन्ने उक्त ११च. को समुच्च व्यवस्थाबाट देखिँदैन । निवेदिकाले रिट निवेदनमा राहत कोटाको शिक्षक पद स्थायी प्रकृतिको हो अर्थात् आफू स्थायी शिक्षक हुँ भनी किटानसाथ उल्लेख गर्न सकेकोसमेत नपाइएबाट उपर्युक्त कानूनी प्रावधान (ऐनको दफा११च.) आफ्नो हकमा लागु नहुने भन्ने निवेदिकाको जिकिर नै कानूनसम्मत देखिन नआउने ।

शिक्षक सेवा आयोगबाट लिइएको स्थायी शिक्षकतर्फको प्रतियोगितात्मक परीक्षामा सामेल नहुने र सामेल भई अनुत्तीर्ण हुने अस्थायी वा सो प्रकृतिका शिक्षकलाई परीक्षाको नतिजा प्रकाशित भएकै मितिबाट स्वतः अवकाश हुने भन्ने देखिन आएको र ऐनको दफा११च. अन्तर्गत सञ्चालित प्रतियोगितात्मक परीक्षामा उम्मेदवार भई परीक्षामा अनुत्तीर्ण भएका कारण निज निवेदिकालाई विपक्षी नेपाल राष्ट्रिय माध्यमिक विद्यालय औराहा बाराले मिति २०७६।२।१ देखि लागु हुने गरी सोही मितिमा दिएको अवकाश पत्र कानूनविपरीत नदेखिँदा निवेदन मागबमोजिम निवेदिकालाई दिइएको अवकाश पत्र र सम्बद्ध कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निजलाई पुनर्बहाली गर्नु भनी परमादेशलगायतको आदेशसमेत जारी हुन सक्ने अवस्था नदेखिने ।

अतः निवेदिकालाई मिति २०७६।२।१ मा अवकाश पत्र दिनेसमेतका कारबाही कानूनविपरीत नदेखिँदा निवेदिकाको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर : मन्जिता ढुंगाना

**इतिसंवत्२०७७सालमङ्सिर४गतेरोज५शुभम्।**

**३७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सुष्मालता माथेमा,** *०६८-WO-०५९६, परमादेश, श्रीहरि अर्यालसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको सन्दर्भमा सर्वोच्च अदालतबाट जारी भएको आदेशलाई सबैले मान्नुपर्ने देखिन्छ । यस अदालतबाट मिति २०६६।९।२७ मा धर्म निरपेक्ष राज्यको अवधारणाअनुकूल पशुपतिनाथको मन्दिरमा प्राप्त हुने भेटीघाटी व्यवस्थित गर्नेलगायतका विषयमा प्रतिवेदन पेस गर्न समिति गठन गरी उक्त समितिको राय सुझावसमेतको प्रतिवेदनलाई मध्यनजर राखी आवश्यक कानून तर्जुमा गर्नु भनी भएको निर्देशनात्मक आदेशको पूर्ण रूपमा कार्यान्वयन भएको पाइँदैन । केवल अधिकार सम्पन्न समिति तथा एउटा नियमावली उपसमिति मात्र गठन गरेको देखिन्छ । उक्त प्रतिवेदनका

सुझावहरू मुताबिक कानून तर्जुमाका कार्यहरू अगाडि बढाइएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट पनि कहीँ खुलेको देखिँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४ मा नेपाल एक स्वतन्त्र अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भन्ने व्यवस्था रहेको र हाल नेपालमा गणतन्त्रको स्थापना भई धर्म सापेक्षबाट धर्म निरपेक्षको अवधारणालाई नेपालको अन्तरिम संविधान, २०६३ ले आत्मसात् गरिसकेको परिप्रेक्ष्यमा हाल विद्यमान रहेको पशुपतिक्षेत्र विकास कोष ऐन, २०४४ लाई पनि मिति २०६६।९।२७ को आदेशानुसार समय सापेक्ष रूपमा परिवर्तन गर्न आवश्यक देखिन्छ । अतः मुलुकको शासन प्रणालीमा नै आमूल परिवर्तन भई हाल नयाँ संविधान निर्माण भई प्रचलनमा रहेको नेपालको संविधानले पनि नेपालको अन्तरिम संविधान, २०६३ ले अवलम्बन गरेको धर्म निरपेक्षताको अवधारणालाई निरन्तरता दिएको पाइँदा सोअनुकूलको कानूनहरूको तर्जुमा तथा संशोधन गर्नुपर्ने परिस्थितिको सिर्जना भएको देखिन्छ । यसै तथ्यलाई हृदयंगम गरी यस अदालतबाट उत्प्रेषणको मुद्दामा मिति २०६६।९।२७ मा भएको निर्देशनात्मक आदेशानुसार समितिले दिएको प्रतिवेदनका आधारमा आवश्यक कानूनी व्यवस्था तर्जुमा गरी गराई उक्त आदेश कार्यान्वयन गर्नु गराउनुपर्ने विपक्षीहरूको कर्तव्य रहेको तथ्य निर्विवाद छ । तर विपक्षीहरूले उक्त आफ्नो कर्तव्य पूरा गरिसकेको छ भन्ने आफ्नो लिखित जवाफ तथा हाल बहसको क्रममा समेत खुलाउन सकेको पाइएन । निवेदकले आफ्नो निवेदनमा मिति २०६६।९।२७ को निर्देशनात्मक आदेशबमोजिम यस अदालतका पूर्वन्यायाधीश श्री केदारनाथ आचार्यको संयोजकत्वमा गठित समितिको प्रारम्भिक प्रतिवेदनलाई पूर्णता दिई प्राप्त हुने पूर्ण प्रतिवेदनअनुसार कानून निर्माण गर्नुपर्ने भन्ने जिकिर लिनुभएको सन्दर्भमा सोही प्रारम्भिक प्रतिवेदनमा नै पर्याप्त राय सुझाव रहेको भन्ने विपक्षीमध्येका सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री र उक्त मन्त्रालयको लिखित जवाफसमेतबाट देखिएको छ । उल्लिखित समितिको मिति २०६७।४।५ को प्रारम्भिक प्रतिवेदनको उल्लेख गर्दै पशुपति क्षेत्र विकास कोषको मिति २०६८।७।१६ को सञ्चालक परिषद्को बैठकको निर्णयअनुसार पूजा पाठ र भेटी सम्बन्धमा नियमावली तर्जुमा गर्न उपसमिति गठन गरी कार्य भइरहेको भन्ने विपक्षीमध्येका पशुपति क्षेत्र विकास कोषसमेतको लिखित जवाफबाट देखिएको छ । तापनि हालसम्म सोबमोजिम नियमावली बनिसकेको छ भनी बहसको क्रममा खुल्न आएको नदेखिने ।

यस अदालतबाट करिब दश वर्षअगाडि जारी भएको निर्देशनात्मक आदेशबमोजिम तत्काल समिति गठन गरी प्रतिवेदन बुझाए तापनि हालसम्म सोअनुसारको कार्य अन्तिम चरणमा पुगी नियम बन्न नसक्नु अदालतको आदेश कार्यान्वयनका सन्दर्भमा पनि दु:खद पक्ष रहेको देखियो । अत: निवेदकको मागबमोजिम २०६५ सालको रिट नं.०३६६ मा मिति २०६६।९।२७ मा यस अदालतबाट भएको निर्देशनात्मक आदेशबमोजिमको कार्य यथाशीघ्र सम्पन्न गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नवराज कार्की

**इति संवत् २०७६ साल असोज १ गते रोज ४ शुभम्।**

## इजलास नं.९

### ३८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-WO-१०८२, उत्प्रेषण, लाप्ची डाटा सलुसन प्रा.लि.समेत वि. मालपोत कार्यालय, चावहिल काठमाडौंसमेत

प्रस्तुत मुद्दामा रिट निवेदकको नाममा रहेका जग्गालाई सम्बन्धित वडा कार्यालयले मिति २०७३।१२।२६ मा च.नं. २९६१ को पत्रबाट **गोरेटो बाटो** भनी सिफारिस गरेकोमा सोहीबमोजिम निवेदकसमेतले पुँजीगत लाभकर तिरिसकेको अवस्थामा उक्त जग्गाहरूमध्ये कि.नं. ३८३, ३८१ र ४२३ का जग्गाहरू खोला / पर्तीसँग जोडिएको र सो कित्तासँग अन्यकित्ता एक आपसमा जोडिएको हुँदा गोरेटो बाटो नभई मोटरकच्ची बाटो भएको भनी मालपोत कार्यालय, चाबहिलबाट निर्णय भएको देखिन्छ । विपक्षी मालपोत कार्यालय, चाबहिललाई सम्बन्धित निकायबाट सिफारिस भई आएको बाटोको अवस्थालाई परिवर्तन गरी नयाँ मूल्य कायम गर्ने अधिकारसमेत रहेको पाइँदैन । कानूनले दिएको अधिकारक्षेत्रको अतिक्रमण गरी, नभएको अधिकार प्रयोग गरी निवेदकसमेतबाट लाभकर माग गर्ने गरी भएको विपक्षी मालपोत कार्यालय, चाबहिलको निर्णय र पत्राचारसमेत क्षेत्राधिकार नाघी (**Excessive use of Power**) कानूनविपरीत रहेकोसमेत देखिने।

प्रस्तुत मुद्दामा सम्बन्धित वडा कार्यालयले गोरेटो बाटो भनी सिफारिस गरेबमोजिम रिट निवेदक लाप्ची डाटा सलुसन प्रा.लि.ले आफ्ना नाममा रहेका जग्गाहरू विष्णु गाउँ विकास समितिअन्तर्गतका गोरेटो बाटो भएका जग्गाहरूको हुने न्यूनतम मूल्यमा राजीनामा लिखतबाट नेचर हाउसिङ एण्ड रिसोर्ट प्रा.लि. तथा अरूणकुमार के.सी. समेतलाई बिक्री गरी वास्तविक रूपमा प्राप्त लाभबाट लाभकर बुझाइसकेको भन्ने देखिएको र हाल सो कम्पनीसमेत खारेजी भइसकेको अवस्थामा आएर २ वर्षको अवधि व्यतीत भएपछि उक्त बाटोलाई मोटर कच्ची बाटो भनी थैली रकम परिवर्तन गरी नपुग पुँजीगत लाभकर दाखिला गर्नु भनी मालपोत कार्यालय, चाबहिलद्वारा च.नं. ४५३० को पत्रबाट पत्राचार गरिएको कार्य कानूनसम्मत नदेखिने।

रिट निवेदक लाप्ची डाटा सलुसन प्रा. लि. समेतले आफ्नो नाममा रहेको जग्गा बिक्री गरी अग्रिम लाभकर बुझाइसकेको, विपक्षी मालपोत कार्यालय, चाबहिलसमेतले नपुग लाभकर दाखिला गर्ने पत्राचार गर्नुपूर्व रिट निवेदकलाई कुनै सुनुवाइको मौका प्रदान नगरेको र कानूनमा उल्लिखित क्षेत्राधिकारभन्दा बाहिर गई मालपोत नियमावली, २०३६ को नियम ५ख. को उपनियम (४) समेतको प्रतिकूल हुने गरी काम कारबाही गरेको देखिँदा आ.व. २०७३।०७४ को लागि मालपोत कार्यालय, चाबहिलअन्तर्गतका जग्गाहरूको हकमा लागु गरिएको जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकाको निर्णय नं. १२ र विपक्षी मालपोत कार्यालय, चाबहिलको मिति २०७५।१२।२४ को टिप्पणी आदेश, सोबमोजिमको पत्र तथा सोको आधारमा भए गरेको काम कारबाहीसमेत नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। साथै निवेदक मागबमोजिम रिट निवेदकहरूबाट छुट राजस्व दाखिला नगराउनु, गर्न नलगाउनु र असुलउपर नगर्नु, नगराउनु भनी विपक्षीहरूको

नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः मतिना शाक्य

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७८ साल भदौ २८ गते रोज २ शुभम्।**

**३९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-१७५३, डाँका चोरी, *प्रदीप तामाङ वि. नेपाल सरकार*

बिगोको दाबीतर्फ हेर्दा, जाहेरीमा उल्लिखित सूचीका डाँका चोरी भएका नगद र जिन्सीको बिगो रू.४,५४,६७०।- कायम गरी फैसला हुनुपर्ने भन्ने वादी नेपाल सरकारको मागदाबी रहेको भए पनि दाबीअनुसारका सबै मालसामानहरू बरामद हुन सकेको देखिएन। बरामद हुन नसकेका दाबीका ती सामानहरूको अस्तित्व, स्वामित्व केबाट खुल्ने हो र ती सामानहरू डकैती भएकै हुन् भनी स्वतन्त्र प्रमाणसमेत वादीले गुजार्न सकेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार यस्तो दाबीमा प्रमाणको भार वादी पक्षमै रहन्छ। तसर्थ, बरामद नै नभएको दाबीका मालसामानसमेत प्रतिवादीहरूले चोरी गरी लगेका हुन् भनी अभियोग दाबीको भरमा मात्र अनुमान गरी बिगो कायम गर्नु फौजदारी कानूनको सिद्धान्तविपरीत हुने भएकाले बरामद भएका सामानसम्मको मूल्यलाई बिगो कायम गरी सुरू जिल्ला अदालतबाट चोरीको बिगो रू.३,००,०००।- (तीन लाख) कायम गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

जिल्ला अदालतले गरेको फैसलामा प्रतिवादीहरूलाई कैदको हकमा जनही ६ वर्ष र जरिवानाको हकमा जनही रू.९० हजार (बिगोको डेढी परिमाणलाई सबै प्रतिवादीहरूमा भाग लगाउँदा) ठहर गरेको पाइयो। सुरू अदालतको फैसलामा ठहर भएको कसुर र प्रतिवादीहरूलाई गरेको कैद सजाय मिलेको भए पनि बिगोको आधारमा कायम गरेको जरिवानातर्फको सजायको हकमा प्रतिवादीहरूमा दामासाहीले भाग लगाइदिएको मिलेन, हरेक प्रतिवादीलाई कुल बिगोको डेढी नै जरिवाना गर्नुपर्ने हो भनी पुनरावेदन अदालतले सुरूको फैसलालाई आंशिकरूपमा उल्टी गरी निर्णय सुनाएको देखिन्छ। सो सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, चोरीको महलको १४(४) नम्बरमा डाँका गर्नेलाई बिगोको डेढी बढाई जरिवाना गरी पहिलो पटकको लाई ६ वर्ष ... कैदसमेत गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। डाँका गर्नेलाई "बिगोको डेढी जरिवाना" समेतको सजाय गर्नुपर्ने भन्ने उक्त कानूनी व्यवस्थाले कसुर ठहर भएका प्रतिवादीको हकमा निजलाई गर्नपर्ने जरिवानाको परिमाणलाई इङ्गित गर्दछ। "जरिवाना" फौजदारी कसुरको विषय भएकाले कानूनमा प्रयुक्त यस्तो फौजदारी दायित्व अन्य व्यक्तिमा सर्ने वा कसुरदारहरूमा भागबन्डा लाग्ने नभई फौजदारी कानूनको मान्य सिद्धान्तअनुसार कानूनद्वारा निर्दिष्ट फौजदारी दायित्व कसुरदार स्वयम्ले भुक्तान गर्नुपर्ने हुन्छ। जरिवानाको आधारसम्म बन्न सक्ने "बिगो" देवानी दायित्वको रूपमा विभाज्य हुनसक्ने भए तापनि फौजदारी दायित्वको रूपमा सिर्जित "जरिवाना" कसुरदारको हकमा अविभाज्य नै हुन्छ। तसर्थ, ठहरेको बिगोको डेढी जरिवाना प्रतिवादीहरूमा बराबर भाग लाग्ने गरी सुरू अदालतले गरेको ठहरलाई सो हदसम्म उल्टी गरी कुल बिगोको डेढी जरवाना कसुर ठहर भएका प्रतिवादीहरूले जनही भुक्तान गर्नुपर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिने।

प्रतिवादीहरूले डाँका गरेको ठहरेको बिगो

रू.३,००,०००।- (तीन लाख) को डेढीले हुने रू.४,५०,०००।-(चार लाख पचास हजार) का दरले जनही जरिवाना गर्नुपर्नेमा सो नगरी ठहर बिगोको डेढी परिमाणलाई दामासाहीले हिसाब गरी प्रतिवादीहरूलाई जनही रू.९०,०००।- (नब्बे हजार) जरिवाना गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०/११/२० को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम ठहर बिगो रू.३,००,०००।- को डेढीले हुने रू.४,५०,०००।-(चार लाख पचास हजार) का दरले कसुर ठहरेका प्रतिवादीहरूलाई जनही जरिवाना हुने, जिल्ला अदालतबाट प्रतिवादीहरूउपर ठहर भएको कसुर र कैद सजायमा परिवर्तन गरिरहनु नपर्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३/०३/१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ताराप्रसाद डाँगी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

**इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम्।**

४०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RC-०१०२, कर्तव्य ज्यान, नेपाल सरकार वि. बिरू डगौरा*

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Head Injury and Asphyxia due to strangulation, Blunt injury of the vital organs भन्ने उल्लेख भएको पाइन्छ। मृतकको लास जाँच मुचुल्कामा मृतकको कपाल गुजुल्टिएको लुछिएको अवस्थामा रहेको, दुवै कानबाट रगत जस्तो रातो पदार्थ निस्केको, दायाँ र बायाँ आँखा नजिक काटिएको खोस्रिएको दाग रहेको, चिउँडोमा र घाँटीमा डामहरू रहेको, हातको दुवै कुहिनामा र खुट्टाको दुवै घुँडामा खोस्रिएको दबेको निलडाम रहेको भन्ने बेहोरा उल्लेख भएको देखिएबाट मृतकलाई प्रतिवादीले कुटपिट गरी घाँटी थिची श्वासप्रश्वास अवरूद्ध गराएको कारणबाट मृतकको मृत्यु भएको देखिँदा पीडितको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएकोमा अन्यथा नदेखिने।

घटनास्थल तथा लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मृतकका फोटोहरू र मौकामा बुझिएका मानिसहरूको भनाइसमेतका आधार प्रमाणबाट प्रतिवादीको साबिती बयानलाई अन्यथा भन्न मिल्ने अवस्था नहुँदा प्रतिवादी बिरू डगौराले आफ्नी श्रीमतीलाई कर्तव्य गरी मार्नुपर्ने कुनै योजना बनाएको अवस्था नदेखिएको र मदिरा सेवन गरी खाना नबनाएको रिसमा आवेशमा आई कुटपिट गर्दा मृतक लाहु डगौराको मृत्यु हुन गएको र वारदाता स्थलमा कुनै हतियारसमेत प्रयोग भएको नदेखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुनुपर्ने भनी राय व्यक्त गर्ने गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७४।११।२१ मा भएको फैसलालाई साधकको रोहबाट सदर गर्ने गरी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासबाट मिति २०७६।१।५ मा भएको फैसला मिलेकै देखिए तापनि हाल मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४० को उपदफा (२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था गरेको देखिँदा निजलाई सर्वस्व हुने गरेको

सजायसम्म मिलेन । प्रतिवादी बिरू डगौरालाई वर्ष १०(दश) कैदको सजाय हुने गरी साधक सदर हुने ।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम् ।**

**४१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१५४२, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रामबहादुर गुरूङसमेत*

अरवियन कन्सल्टेन्सीका प्रबन्ध निर्देशक रामबहादुर गुरूङले आफ्नो कम्पनीमार्फत वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी विभिन्न व्यक्तिहरूसँग रकम असुल गरी लिएको र भनेको समयभित्र वैदेशिक रोजगारीमा पठाइदिनसमेत नसकेको र कागज गरेर लिएको रकमसमेत फिर्ता गर्न सकेको पाइएन । कम्पनीका प्रबन्ध निर्देशकले गरेको कार्यमा कम्पनीका अन्य सञ्चालकहरूको पनि सहमति भएको हुनाले उक्त कम्पनीका प्रबन्ध निर्देशक रामबहादुर गुरूङ सञ्चालकहरू ज्ञानकला गुरूङ र लालबहादुर तामाङलाई वैदिशक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम सजाय गरेको हदसम्म मिलेकै देखिँदा अन्यथा भन्नुपर्ने देखिएन । यसरी सञ्चालकहरू कसुरदार देखिई सजायसमेत भइसकेको अवस्था र ३७ जना पीडितहरूलाई वैदेशिक रोजगारीमा लगाइदिन्छु भनी रकमसमेत लिई वैदेशिक रोजगारमा नलगाई रकमसमेत फिर्ता नदिई गैरजिम्मेवारपूर्ण कार्य गरेकोसमेत देखिँदा अरवियन इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि. को इजाजत दर्ता नं. १६१-०५६।५७ खारेज गर्नुपर्नेमा खारेज नगरेको हदसम्म वैदेशिक रोजगार न्यायाधिकरणको फैसला केही उल्टी भई इजाजतपत्र खारेज हुने ।

जहाँसम्म प्रतिवादीहरू सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कूलबहादुर डि.सी. लाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादीहरूले वैदेशिक रोजगार विभागमा बयान गर्दा कसुरमा पूर्ण इन्कारी रही बयान गरेको पाइन्छ । प्रतिवादीहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत अनुसन्धानको क्रममा दिएको बयानलाई समर्थन गर्दै कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ । प्रतिवादी सुदिपकान्त मैनाली अप्टिकल एजुकेसन प्रा.लि. मा भाषा तालिम दिने गरेको र कहिलेकाहीँ दाइको अनुपस्थितिमा अर्का प्रतिवादी सुमनकान्त मैनाली गई भाषा तालिम दिने गरेको पाइन्छ भने अर्का प्रतिवादी कूलबहादुर डि.सी. जाहेरवाला आफ्ना भतिजा दिपक ढुङ्गेललाई अरवियन इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि. का निर्देशक रामबहादुर गुरूङले अष्ट्रेलियामा पठाइदिन्छु भनेको हुनाले पैसा बुझाउन भतिजसँग सँगै गएको देखिन्छ । प्रतिवादीहरूउपर किटानी जाहेरी परेको भए तापनि उक्त जाहेरीलाई वस्तुनिष्ठ प्रमाणले पुष्टि गरेको पाइँदैन । जाहेरी दरखास्त र अभियोगलाई अभियोजन पक्षले शंकारहित तरिकाले पुष्टि गर्नुपर्दछ । फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ । फौजदारी कसुरमा अनुमानको भरमा कोही कसैउपर सजाय गर्नु हुँदैन । जाहेरवालाहरूले पनि वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दासमेत यी प्रतिवादीहरूले यस्तो कसुर गरेको भनी बकपत्रमा खुलाएको पाइँदैन । जाहेरवालाले यी प्रतिवादीहरूको अरवियन इम्प्लोइमेन्ट कन्सल्टेन्सीसँग कुनै

सम्बन्ध रहेको कुरा पुष्टि गर्न सकेको पाइँदैन । निजहरूले जाहेरवालासँग कुनै रकम बुझी लिएको कागज प्रमाणसमेत पेस गर्न सकेको नपाइँदा प्रतिवादीहरू सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कूलबहादुर डि.सी. लाई वैदेशिक रोजगार न्यायाधिकरणबाट सफाइ दिने गरी भएको फैसला उल्टी गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर एवम् विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू रामबहादुर गुरूङ ज्ञानकला गुरूङ र लालबहादुर तामाङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम जनही रू.३,००,०००।- (तीन लाख) जरिवाना र ३(तीन) वर्ष कैद सजाय हुने र निजहरूले लिखतबमोजिम लिए खाएको जाहेरवालाहरूले दामासाहीबमोजिम फिर्ता भएको बिगो कट्टा गरी अन्य बिगो र सोको ५०% ले हुने हर्जानासमेत प्रतिवादीबाट जाहेरवालाहरूले भरिपाउने ठहऱ्याई र अन्य प्रतिवादीहरू सुदिपकान्त मैनाली, सुमनकान्त मैनाली र कूलबहादुर डि.सी. ले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१।२८ मा भएको फैसला सो हदसम्म सदर भई इजाजत नं.१६१-०५६।५७ अरवियन इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि. इजाजतपत्र खारेज नगरेको हदसम्म उल्टी भई इजाजतपत्र खारेज हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी / विकाश कुमार रजक

कम्प्युटर : चन्द्रावती तिमल्सेना

**इति संवत् २०७६ साल माघ ८ गते रोज ४ शुभम्।**

## इजलास नं.१०

### ४२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CI-१११०, अंश, मोहमद तरावसमेत वि. हद्विस मुसलमानसमेत*

पुनरावेदक वादीहरू भारतीय नागरिक रहे भएको कुरामा विवाद नदेखिएको वादी नाति पुस्ताको भएको र अरू सबै अंशियार भारतमा रहे बसेको देखिन्छ। यी प्रतिवादी हद्विस मुसलमान मात्र नेपालमा रही नेपाली नागरिकता प्राप्त गरी २०३३ सालमा नै सम्पत्ति आर्जन गरी भोग गरिरहेको र प्रतिवादी हद्विस मुसलमानको नाममा रहेको सम्पत्ति पिता पुर्खाको पालादेखिको आर्जित नभई निज प्रतिवादी हद्विस मुसलमानले आर्जन गरेको देखिन्छ। सो सम्पत्ति निज प्रतिवादीले आफ्नै ज्ञान, सिप प्रयत्नबाट आर्जन गरेको भन्ने अवस्था वादी प्रतिवादीहरू एकासगोलमा व्यवसाय खेती, व्यापार वा उद्योग गरी विवादको सम्पत्ति आर्जन गरेको नदेखिएको, प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम प्रतिवादी हद्विस मुसलमानसँग अंश लाग्ने अनुमान गर्न सकिने विवादको जग्गा नभएको वादी प्रतिवादीहरू अंशियार नाताका भए तापनि वादी भारतमा बसी भारतमा सम्पत्ति आर्जन नगरेकोले पुस्ताको स्थिति, समयको अन्तराल, बसोबासको अवस्था, दाबीको सम्पत्ति आर्जनको मिति, वादी प्रतिवादीबिचको व्यवहारगत क्रियाकलापसमेतका तमाम आधार अवस्थाबाट व्यवहार प्रमाणबाट छुट्टिभिन्न भइसकेको एवम् प्रतिवादीका सम्पत्ति निजको निजी उद्यम एवम् सिप क्षमताबाट आर्जन भएको देखिँदा उक्त सम्पत्ति सगोलको बन्डा

योग्य सम्पत्ति मान्न नमिल्ने हुँदा वादीहरूले उक्त सम्पत्तिबाट अंश पाउने अवस्था नदेखिने।

वादीले प्रतिवादीका नामका जग्गासमेतका सम्पत्तिबाट अंश नपाउने गरी ठहर भएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको बुटवलको मिति २०७१।८।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अनु याकामी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम्।**

**४३**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७६-RB-०००५, ०७६-RB-००५६, ०७६-RB-०२०६, ०७६-RB-०२०७, बैंकिङ कसुर, तोर्ण राज राउत वि. नेपाल सरकार, नेपाल सरकार वि. ललित बोहरासमेत, विष्णुप्रसाद निरौला वि. नेपाल सरकार, शुरेश बोहरा वि. नेपाल सरकार

प्रस्तुत मुद्दामा राष्ट्रिय वाणिज्य बैंकलाई क्षति पुगेको रकम रू.९,६१,५५,०००।- (नौ करोड एकसठ्ठी लाख पचपन्न हजार) एवं ब्याज लाग्ने अवस्था भएमा सोको ब्याजसमेत प्राप्त भई बैंकले हिसाब मिलानसमेत गरिसकेको भन्ने सम्बन्धित बैंकको पत्रबाट देखिएकाले प्रतिवादीहरूको कुनै कार्यबाट बैंकलाई हानि नोक्सानी पुगेको अवस्था रहे भएको भनी मान्न मिल्ने देखिँदैन । साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) बमोजिम नेपाल सरकार वादी भई चलेको ठगी, वैदेशिक रोजगार, व्यक्तिको सम्पत्ति हानि नोक्सानी जस्ता फौजदारी कसुरमा मिलापत्र हुन सक्नेसमेतका नवीनतम् कानूनी व्यवस्थाका अवधारणासमेत प्रस्तुत मुद्दामा लगाउ गरी न्याय निरूपण क्रममा मनन गर्नुपर्ने देखिन्छ। बैंक कारोबार दुई वा दुईभन्दा बढी पक्षबिच हुने व्यापार प्रकृतिको हुने भएको, ख्याति (Good Will) का आधारमा मात्र पनि धितो सुरक्षण (Collateral) नराखी पनि ऋण प्रवाह हुन सक्ने प्रचलन रहेको, बैंक कानूनी व्यक्ति भएको र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम Cheque को कारोबार व्यक्तिको सम्पत्ति हानि नोक्सानी प्रकृतिको भएकोसमेतका अवस्थाहरूसमेत प्रस्तुत सन्दर्भमा सान्दर्भिक देखिने।

प्रस्तुत मुद्दाको अभियोगपत्रमा बिगोको हकमा तिरी बुझाइसकेको भनी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १२क को उपदफा (१), (२) र (३) तथा दफा १४ बमोजिमको कसुरमा जरिवाना र कैदको सजाय मागदाबी रहेकोमा उच्च अदालत विराटनगरले वारदातको अवस्थालाई सोही ऐनको दफा ३(ग) मा परिणत गरी कसुर ठहर गरेको देखिन्छ तर निज प्रतिवादीहरूले अभियोग पत्रबमोजिमको बिगो र सोको ब्याजसमेत तिरी बुझाइसकेको स्थितिमा सोही ऐनको दफा १२क एवम् दफा १४ बमोजिम बैंकलाई हानि नोक्सानी भएको नदेखिएको र चेक अनादरको ०७५-RB-०१४१ को मुद्दामा बिगो भराउन पर्ने नदेखिएमा जरिवाना भराउन नपर्ने र बैंकको ऋण चुक्ता भई बैंकलाई हानि नोक्सानी नभएको स्थितिमा अभियोग दाबी पुग्न नसक्ने भनी ०७४-RB-००८४ को बैंकिङ कसुर मुद्दामा भएको व्याख्यासमेतका आधार कारणबाट प्रतिवादी सुरेश बोहोरालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४

को दफा १५(१) बमोजिम १ महिना १५ दिन कैद र रू.४,८०,७७,५००।- जरिवाना, प्रतिवादीहरू तोर्णराज राउत र विष्णुप्रसाद निरौलालाई सोही ऐनको दफा १५(६) बमोजिम जनही २२ दिन कैद र रू.२,४०,३८,७५०।- जरिवाना हुने ठहराएको उच्च अदालत विराटनगरको मिति २०७६।१।१७ को फैसला नमिलेकोले उल्टी भई प्रतिवादीहरू सुरेश बोहोरा, तोर्णराज राउत र विष्णुप्रसाद निरौलाले वादी नेपाल सरकारको अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीमध्येका ललित बोहोरालाई सफाइ दिने गरी भएको फैसला मिलेकै देखिएकोले निजका हकमा सुरू फैसला सदर हुने ।

इजलास अधिकृत : शोभा पाठक

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल असार ३० गते रोज ४ शुभम् ।**

## इजलास नं.११

४४

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CI-१४३६, निषेधाज्ञा, सतना भन्ने सत्यनारायण यादवसमेत वि. पर्शुराम यादवसमेत*

पुनरावेदकहरूले कि.नं.३१७ को जग्गा पारित हुनुपर्नेमा कि.नं.३२३ को जग्गा भुलवश पारित हुन गएको हो भनी जिकिर लिएकोमा त्यस सम्बन्धमा तत्काल साधिकार निकायमा गई कि.नं.३२३ को जग्गा आफ्नो नाममा दर्ता गराउन सकेको पाइँदैन । आफ्नो नाममा वा आफ्ना बाबु बाजे, बज्यैका नाममा रहेको तथा आफ्नो हकाधिकार रहेको जग्गा जोत भोग गर्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो, त्यसलाई कहीँकतैबाट रोकावट वा अवरोध आउनु नहुने ।

पुनरावेदकहरूले जग्गा पारित गर्दा भुलवश कित्ता नम्बर फरक पर्न गएको भनी अर्काको नाममा रहेको जग्गा हक भोग गर्न पाउने अवस्था रहँदैन । स्रेस्ता प्रमाणबाट देखिएको कुरालाई अन्यथा भएको अवस्थामा बाहेक त्यसलाई अन्यथा भन्न र सम्झन मिल्ने पनि हुँदैन । सुरू अदालतबाट भई आएको नक्सा मुचुल्काबाट समेत कि.नं.३२३ को जग्गा उल्टोपाल्टो भएको तथ्य यी पुनरावेदकहरूले स्वीकार गरेको अवस्था भई त्यसलाई सुधार गर्ने वा सच्याउनेतर्फ पुनरावेदकले प्रयास गरेको भन्ने पनि नदेखिने ।

पुनरावेदकहरूले आफ्नो नाममा दर्ता नभई प्रत्यर्थी अर्थात् सुरू अदालतमा निषेधाज्ञाको निवेदन दिने पर्शुराम यादवसमेतको बज्यै आमाका नाममा रहेको कि.नं.३२३ को जग्गा अनधिकृत रूपमा हस्तक्षेप गरी प्रत्यर्थीहरूलाई आफ्नो जग्गा हक भोग गर्न रोकावट पैदा गरेको कार्य कानूनसम्मत नदेखिँदा उक्त जग्गामा अनधिकार प्रवेश नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अन्यथा नदेखिने ।

तसर्थ, कि.नं.३२३ को जग्गा निवेदकहरूको हक भोगको देखिई उक्त जग्गामा यी पुनरावेदक सत्यनारायणसमेतले अनधिकृत कब्जा गर्न नपाउने भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर गरेको सुरू पुनरावेदन अदालत राजविराजको मिति २०७१।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शोभा पाठक

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम् ।**

४५

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७२-CI-१९६९, जग्गा दर्ता बदरसमेत, लक्ष्मी तुलाधरसमेत वि. सावित्री ढकालसमेत*

प्रस्तुत मुद्दामा विवादित जग्गाहरू बिर्ता भएकोले रै.प. गरिपाउँ भन्ने वादी दाबी रहेको देखिन्छ भने उक्त विवादित जग्गाहरू रै.प. भइसकेको भन्ने प्रतिवादीहरूको दाबी रहेको देखिन्छ । विवादित जग्गाहरू बिर्ता हो वा रैकर हो भन्ने विषयमा मुख नमिली हकबेहकको प्रश्न समावेश भइरहेको अवस्थामा सोबारे निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई नभएको कारण मालपोत कार्यालयबाट भएको निर्णयलाई बदर गरी दुवै पक्षलाई तारेखमा राखी हकबेहकमा सम्बन्धित अदालतमा जानु भनी सुनाइदिने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहन नपर्ने।

विवादित जग्गाहरू रैकर वा बिर्ता के हो भन्ने विवाद रही हकबेहकको प्रश्न देखिएको अवस्थामा मालपोत कार्यालय, डिल्लीबजारले पुनरावेदक प्रतिवादी लक्ष्मी तुलाधर र मंगलरत्न तुलाधरका नाममा मालपोत ऐन, २०३४ दफा ७(२), ८(१) अनुसार दर्ता नामसारी दा.खा. हुने भनी गरेको मिति २०७१।०६।१२ को निर्णयलाई बदर गरी दुवै पक्षलाई तारेखमा राखी हक बेहकमा अदालत जान सुनाइदिनु भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०७।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मनिता गुरूङ

कम्प्युटर : देवीमाया खतिवडा (देबिना)

**इति संवत् २०७७ साल फागुन ११ गते रोज ३ शुभम्।**

## इजलास नं.१२

४६

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२६८०, लागु औषध हेरोइन, छठु राउत कुर्मी वि. नेपाल सरकार*

प्रतिवादीले जे जति परिमाणमा लागु औषध हेरोइन खरिद गरेका हुन् सोही परिमाणमा निजबाट लागु औषध हेरोइन बरामद भएको भन्ने देखिन्छ । भारतको रक्सौलदेखि खरिद गरी ल्याएको उक्त लागु औषध नेपाल आइपुग्दासम्म पनि सेवन नगरी परिमाणमा समेत घटेको नदेखिँदा निज प्रतिवादी सेवनकर्ता हुन् भनी विश्वास गर्न सकिने अवस्थाको विद्यमानता रहेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २७ (१) मा "**प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुने छ**" भनी व्यवस्था गरिएको पाइन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले आफू सेवनकर्ता रहेको भनी जिकिर लिएको भएपनि आफू सेवनकर्ता हुँ भनी लिएको निजको सो जिकिर तथ्ययुक्त भरपर्दो प्रमाण प्रस्तुत गरी प्रमाणित गराउन सकेको मिसिलबाट देखिँदैन । यसका साथै सो सम्बन्धमा वस्तुनिष्ठ कुनै प्रमाण मिसिल संलग्न रहेकोसमेत नदेखिँदा निज प्रतिवादी छठु राउत कुर्मीको सेवनकर्ता मात्र हुँ भन्ने जिकिर पुष्टि हुनसकेको नदेखिने।

जहाँसम्म प्रतिवादीबाट कुनै नापतौल गर्ने वस्तु बरामद नभएको भन्ने जिकिर रहेको छ, सो सम्बन्धमा नापतौल गर्न प्रयोग हुने ढक तराजु

जस्ता वस्तु प्रतिवादीबाट नभेटिँदैमा त्यत्तिकै कारणले बिक्री वितरणको उद्देश्य थिएन भनी भन्न मिल्ने अवस्था प्रस्तुत मिसिलको सन्दर्भमा रहेको पनि पाइँदैन । बरामद भएको ४ ग्राम लागु औषधलाई १६ वटा स-साना पुरिया बनाएको प्रतिवादीको क्रियाकलापले बिक्री वितरणको उद्देश्यसमेत प्रमाणित भइरहेको देखिन्छ । यसरी आफूसँग भएको ४ ग्राम लागु औषधलाई १६ वटा स-साना पुरिया बनाई उक्त १६ वटा पुरियालाई एकैपटक आफूसँग बोकी हिँड्ने कार्यबाट बिक्री वितरणलाई नै इङ्गित गर्ने कुरासमेत प्रतिवादीको क्रियाकलापबाट देखिन्छ । निजले सेवनको जिकिर लिए पनि खरिद गरी ल्याएको लागु औषधको परिमाणमा कमी भएको अवस्था नहुँदा त्यसबाट पनि प्रतिवादीको सेवन गर्न ल्याएको हुँ भन्ने जिकिर तथ्यसङ्गत भएको नपाइँदा प्रतिवादी छठु राउत कुर्मीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) (ङ) (च) र (छ) बमोजिम लागु औषध बिक्री वितरण, खरिद, सञ्चय तथा ओसारपसारको कसुर गरेको भन्ने नै देखिने ।

प्रतिवादी छठु राउत कुर्मीले लागु औषध खरिद, बिक्री तथा सञ्चयको कसुर गरेको देखिँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद र रू.१०,०००।- जरिवाना गर्ने गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७१।३।४ मा भएको फैसला उल्टी गरी निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५(पाँच) वर्ष कैद र रू.१०,०००।- (दस हजार) जरिवानासमेत हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।७।२० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : मतिना शाक्य

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७८ साल माघ २ गते रोज १ शुभम् ।**

४७

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-१९१९, कर्तव्य ज्यान, साङ्मु भन्ने सन्ध्या शेर्पा वि. नेपाल सरकार*

प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पाले अदालतसमक्ष बयान गर्दा मृत बच्चा जन्मिएकोले त्यसलाई गाडेको हो, जिउँदो बच्चा जन्माई त्यसलाई कर्तव्य गरी मारेको होइन भनी आफूउपरको कसुरमा इन्कार रही बयान गरेको भए तापनि निजसमेत उपर परेको जाहेरी प्रतिवेदन बेहोरा समर्थित हुने गरी यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती हुँदै घटनाको बारेमा सविस्तार गर्दै बयान गरेको देखिन्छ । प्रतिवादी सन्ध्या शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा कसुरमा साबित भई गरेको बयानलाई पुष्टि गर्दै घटना विवरण कागजका र वस्तुस्थिति मुचुल्काका मानिसहरूले अनुसन्धानमा लेखाएको कागज बेहोरा समर्थित हुने गरी घटना विवरण कागजकी पवित्रा दाहाल, फुर्साङ्मु शेर्पा, वस्तुस्थिति मुचुल्काकी सीता गहते बि.क.ले अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ। एकातर्फ आफूले जिउँदो नभई मृत बच्चा जन्माएको भनी निजले अदालतसमक्ष बयान गर्दा लिएको जिकिर पुष्टि गर्न सकेको देखिँदैन भने अर्कोतर्फ रातको २ बजे जन्मिएको बच्चा मृत नै जन्मिएको भए रातारात कसैले चाल, थाहा नपाउने गरी खाल्डो खनी गाड्नुपर्ने युक्तिसङ्गत एवं विश्वसनीय आधार निज प्रतिवादीले पेस गर्नसकेको समेत देखिँदैन । यसबाट यी प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पाले

जिउँदो बच्चा जन्माएको र समाजबाट आफूप्रति उठ्न सक्ने नैतिकता र लोकलज्जाको प्रश्नबाट बच्न एवं अपराधबाट उम्कन सकिन्छ कि भन्ने गलत मनसायबाट आफूले जन्माएको बच्चालाई मारी रातारात खाल्डो खनी खाल्डोमा पुरेको तथ्य पुष्टि भएको देखिने।

साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा *"लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्म कैद गर्नुपर्छ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाको रोहबाट हेर्दा ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा त्यस्तालाई सर्वस्वसहित जन्मकैद हुने देखिन्छ। यसैगरी सोही महलको १८ नं. मा *"जन्मेको जिउँदो बालक बालिका फाल्नेलाई चार वर्ष कैद गर्नुपर्छ। सो बालक बालिका मरेको भए ज्यानमारासरह सजाय गर्नुपर्छ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार जन्मेको जिउँदो बालक बालिका फाली मरेको भए ज्यानमारासरह सजाय हुने।

प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पाले मृत बच्चा जन्माई गाडेको भन्ने पुष्टि नभई जिउँदो बच्चा जन्माई मारी गाउँ समाजले थाहा नपाउने गरी रातारात लासलाई गाडेको देखिन आएको र कर्तव्य गरी मारेको कारण मृतक लासलाई सत्गद् गर्न कानूनबमोजिम पुर्जी लिएकोसमेत नदेखिएकोले यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको शंकारहित तवरले पुष्टि हुन आएकोले निजलाई अभियोग माग दाबीबमोजिम सजाय हुने नै देखिन आउने।

मिसिल संलग्न कागजातहरूको समग्र विश्लेषणबाट यी प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पाको गर्भ आफूलाई विवाह गर्ने भनिएको व्यक्तिसँगको सम्पर्कको अवस्थामा भएको शारीरिक सम्बन्धबाट रहन गएको र गर्भ रहेको भन्ने थाहा पाएपछि सम्बन्धित व्यक्तिलाई सबै कुरा व्यक्त गर्दा विवाह गरौंला भनी आश्वासन दिएको तर विवाह हुन नपाएको स्थितिमा गर्भ भई जन्मेको नवजात शिशुलाई लोकलाजबाट बच्नको लागि प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पाले कर्तव्य गरी मारेको देखिन आएको परिवेश एवं निज प्रतिवादीको कलिलो उमेरसमेतलाई मध्यनजर गरी निज प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भएकोले साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पाँच वर्ष मात्र सजाय हुने गरी गरेको राय प्रस्तावलाई मनासिब तथा न्यायोचित ठहऱ्याई उच्च अदालत, विराटनगर इलाम इजलासबाट मिति २०७६।०९।०१ मा भएको फैसला कानून एवं न्यायसङ्गत भएको देखिने।

पुनरावेदक प्रतिवादी साङ्मु भन्ने सन्ध्या शेर्पालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र यी प्रतिवादी अविवाहित

रहेकी र त्यस्तो अवस्थामा अवैध गर्भधारण गरेका कारण लोकलाजले गर्दा उक्त घटना घटाएको अवस्था देखिएकोले निजलाई सर्वस्वसहित जन्म कैद गर्दा सो सजाय चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजायको प्रस्ताव गरी सुरू ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७५।०३।१४ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, विराटनगर इलाम इजलासबाट मिति २०७६।०९।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः- इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७८ साल माघ १६ गते रोज १ शुभम्।**

## इजलास नं.१५

४८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७५-CR-०६७८, ०७५-CR-१०६६, अवैध रूपमा वन्यजन्तुको ओसारपसार तथा बिक्री वितरण गरेको, अमिन आलम वि. नेपाल सरकार, महम्मद राजु वि. नेपाल सरकार*

प्रतिवादीहरू अमिन आलम र महम्मद राजुले बरामद भएको सेतोपाण्डा आफ्नो नभएको भनी बयान गरे तापनि मौकामा भएको बरामदी मुचुल्काबाट उक्त वन्यजन्तु र विभिन्न चराहरू यी दुवै प्रतिवादीहरूबाट बरामद भई सोही बेहोराअनुरूपको प्रहरी कर्मचारीहरूको प्रतिवेदनसमेत परेको देखिन्छ । महम्मद राजुले आफू जमानी बसेर बटु भन्ने मानिसलाई भाडामा लिई दिएको कोठामा अमिन आलम र महम्मद राजुको उपस्थितिमा बरामदी मुचुल्कामा उल्लेख भएको वन्यजन्तु र चराहरू बरामद भएको हो भनी सम्बन्धित घरधनी शिवरत्न महर्जनले मौकामा कागज गरिदिएको र सो कागजलाई बेहोरा समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएको देखिन्छ । बरामदी मुचुल्काको काम तामेल गर्ने प्रहरी कर्मचारीहरू राजेन्द्र तामाङ र सुरेन्द्र पालले प्रतिवादी अमिन आलम र महम्मद राजुको साथबाट सेतो पाण्डा, दुम्सी र चराहरू बरामद गरी पक्राउ गरेका हौं भनी बरामदी मुचुल्का र मौकामा दिएको प्रतिवेदन बेहोरा समर्थन हुने गरी बकपत्र गरिदिएको पाइने ।

बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, घरधनी शिवरत्न महर्जनको कागज, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदन र बरामदी मुचुल्कामा काम तामेल गर्ने प्रहरी कर्मचारीहरूको बकपत्र बेहोरासमेतबाट प्रतिवादीहरू अमिन आलम र महम्मद राजुबाट सेतोपाण्डासमेतका वन्यजन्तु बरामद भएको र उक्त बरामद भएको सेतोपाण्डा CITES महासन्धिको अनुसूची-१ अन्तर्गत पर्ने भई सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण ऐन, २०७३ ले त्यस्तो वन्यजन्तु आफूसँग राख्न, हुर्काउन, नियन्त्रित प्रजनन गर्न, ओसारपसार गर्न वा निकासी पैठारी गर्ने कार्यलाई कसुरजन्य कार्य मानेको देखिँदा प्रतिवादीहरू अमिन आलम र महम्मद राजुलाई सोही ऐनको दफा २०(क) को कसुरमा ऐ.२१(१)(क) बमोजिम ५ वर्ष कैद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने तथा सो बरामद वन्यजन्तु Lemur Cata २ गोटासमेत जफत हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनु

नपर्ने।

प्रतिवादीहरू अमिन आलम र महम्मद राजुलाई सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण ऐन, २०७३ को दफा २०(क) को कसुरमा ऐ.२१(१)(क) बमोजिम ५ वर्ष कैद गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने तथा सो बरामद वन्यजन्तु Lemur Cata २ गोटासमेत जफत हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७५।३।२६ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम्।**

४९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१७४९, कर्तव्य ज्यान, कमलकुमार राई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले मृतककी श्रीमतीलाई उपचार गराउनु, सुप खान दिनु भनी रू.४२०।- तत्कालै दिएको र खुम्जुङ स्वास्थ्य चौकीमा उपचार गर्दा लागेको रू. ४६००/- आफूले दिएको भनी बयान गरेबाट प्रतिवादीले मृतकलाई मार्ने नै मनसायले कुटपिट गरेको भने देखिँदैन। प्रतिवादीले योजना बनाई मार्ने मनसायले कुटपिट नगरेको भए पनि समग्र मिसिल संलग्न प्रमाण कागजबाट निजले लात्तीले हानेकै कारण मृतक घाइते भएको र निजको फोक्सोमा रगत तथा हावा जमेको कारण निजको मृत्यु हुन गएको कुरा शव परीक्षण प्रतिवेदन र उक्त प्रतिवेदनलाई समर्थन गरी शव परीक्षण गर्ने डाक्टरको अदालतसमक्ष भएको बकपत्रबाट समेत प्रस्ट हुने।

मुद्दाको तथ्य, प्रतिवादीउपरको किटानी जाहेरी, मृतककी पत्नीले अदालतमा आई घटनाको बारेमा स्पष्टसँग लेखाई गरिदिएको बकपत्र, शव परीक्षण प्रतिवेदनका बारेमा प्रतिवेदन लेख्ने डाक्टरले अदालतसमक्ष आई गरेको बकपत्रको बेहोरासमेतका मिसिल संलग्न कागज प्रमाणको मूल्याङ्कन गरी यी पुनरावेदक प्रतिवादीले लात्तीले हानी लडाएको जरियाबाटै मृतकको मृत्यु भएको ठहर गरी यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐजनबमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरू सोलुखुम्बु जिल्ला अदालतले मिति २०७५।३।२० मा गरेको फैसलामा परिवर्तित कानूनबमोजिम सर्वस्व नहुने, जन्मकैद मात्र हुने गरी सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति २०७५।८।२४ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

जहाँसम्म सुरू जिल्ला अदालत र उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाले प्रतिवादीको घरमा मृतक डेरा गरी बसेको, प्रतिवादीले मार्ने मनसाय नराखी अनायास लात्तीले हान्दा लागेको चोटको कारण मृतकको मृत्यु भएको र प्रतिवादीले नै मृतकको उपचार खर्चसमेत दिएको कारण उल्लेख गरी निजलाई अ.बं. १८८ नं. बमोजिम तीन वर्षको कैद हुने राय लगाएको हो, त्यो प्रस्तुत मुद्दाको तथ्य र वारदातको प्रकृतिको कारण मनासिब नै देखिँदा निज प्रतिवादीलाई तीन वर्षको कैद हुने राय लगाएको बेहोरासमेत सदर हुने।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा

कम्प्युटर : सुप्रभा अर्याल

**इति संवत् २०७८ साल असार २७ गते रोज १ शुभम्।**

**५०**

**मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना र मा.न्या. श्री सुष्मालता माथेमा,** *०६७-WO-१२९३, उत्प्रेषणयुक्त परमादेशसमेत, राजकुमार तामाङ वि. पुनरावेदन समिति, कार्यरथी विभाग (प्राड बिवाक), जङ्गी अड्डा, नेपाली सेना, भद्रकाली काठमाडौंसमेत*

निवेदकउपर कोर्ट अफ इन्क्वायरी भई सैनिक अदालतमा निजको बयानसमेत भएको अवस्था छ । साधिकार निकाय समरी सैनिक अदालतमा निजलाई लागेको अभियोग सम्बन्धमा बयान गराएबाट सफाइको मौका नदिएको भन्न मिल्ने देखिएन । आफ्नो सफाइको लागि बयानमा उल्लेख गरी प्रमाण पेस गर्ने मौकासमेत दिएको, निजको बयानसमेतका प्रमाणका आधारमा सैनिक अदालतबाट फैसला भएको र सोउपर सैनिक ऐन, २०६३ को दफा ११९(७) बमोजिम गठित पुनरावेदन समितिमा पुनरावेदन गरी कानून व्यवसायीबाट बहससमेत गराएबाट सफाइको मौका नदिएको भन्ने निवेदन दाबीसँग समेत सहमत हुन नसकिने ।

सैनिक सेवा भिन्न प्रकृतिको संवेदनशील सेवा भएको, यसमा कार्यरत व्यक्तिहरू स्वीकृत बिदाको समयबाहेक हरेक समय कर्तव्य पालनामा हाजिर हुनुपर्ने अवस्थामा रहेको, उच्च सैनिक आचरण र व्यवहार प्रस्तुत गर्नुपर्नेमा सोसमेत नगरेको हुँदा भगयर परेका रिट निवेदकउपर प्रचलित सैनिक ऐन, २०६३ बमोजिम गठित समरी सैनिक अदालतबाट सुरू कारबाही भई, निवेदकको बयानसमेत लिई सुनुवाइको मौका प्रदान गरी कानूनबमोजिम भएको फैसलाउपर निज निवेदकले पुनरावेदन समितिमा पुनरावेदन गरी सो समितिले पुनरावेदकीय रोहबाट सुनुवाइ गर्दा यी निवेदकका तर्फबाट रहनुभएका कानून व्यवसायीको प्रतिनिधित्वलाई समेत स्वीकार गरी स्वच्छ सुनुवाइको सिद्धान्तको अवलम्बन गरिएको र कानूनबमोजिम सक्षम निकायबाट तहतह हुँदै अन्तिम फैसला भइसकेको विषयमा असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गरेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : भूमिप्रसाद शर्मा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल माघ २० गते रोज ३ शुभम्।**

**५१**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-०३४९, बेरितको करार बदर घोषित गरिपाउँ, किशोर श्रेष्ठ वि. अञ्जना स्थापित*

वादी प्रतिवादीबिच भएको मिति २०६२।९।१८ गतेको करार पालन गर्न नसकिने असम्भव प्रकृतिको नभएको, करारनामाबमोजिम घर जग्गापास गरिदिई वादी स्वयंले करारनामा पालन गरेको देखिएको, करारनामामा कानूनद्वारा निषेधित सर्त र प्रावधानहरूको विद्यमानता नदेखिएको, सामान्य सर्त र कानूनको अधीनमा रही करारनामाको कागज गरिएको, करारनामामा भएको सर्त दुवै पक्षले पालना गर्ने प्रतिज्ञा गरेको, करारनामामा उल्लिखित प्रावधानहरूले मर्का पारेको भनी वादीले भन्न नसकेको, करारनामामा उल्लिखित सर्तको अधीनमा रही अदालत प्रवेश गर्नुपर्नेमा पुनरावेदक वादी अन्यथा कारण देखाई अदालत प्रवेश गरेकोसमेत देखिएबाट त्रुटिपूर्ण

फैसला उल्टी गरी करारनामा कागज बदर गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।१०।२१ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर : सुप्रभा अर्याल

**इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम्।**

## ५२

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७८-WH-००७७, बन्दीप्रत्यक्षीकरण, नरेश राउत कुर्मी वि. उच्च अदालत पाटनसमेत*

निवेदक लक्ष्मी नारायण राउत कुर्मीलाई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७५/१२/२५ मा मुलुकी अपराध संहिता, २०७४ को दफा १३९ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १३९ को उपदफा (२) को खण्ड (ग) बमोजिम ६ महिना कैद र रू.१५,०००।- (पन्ध्र हजार) जरिवाना हुने गरी भएको फैसला उच्च अदालत पाटनबाट मिति २०७७/६/११ मा सदर भई अन्तिम भएपश्चात् यी निवेदक मिति २०७८/६/५ मा आफैँ उपस्थित भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा (१) बमोजिम कैदबापत रकम तिरी कैद बस्नु नपर्ने आदेश गरिपाउँ भन्ने निवेदन लिई सुरू काठमाडौं जिल्ला अदालतमा उपस्थित भएकोमा उक्त अदालतबाट ऐ. ऐनको दफा १५५ को उपदफा (४) का आधारमा विदेशी नागरिकलाई आकर्षित हुने मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १५९ को उपदफा (४) को खण्ड (च) उल्लेख गरी निजले माग गरेको सुविधा नपाउने भनी मिति २०७८/६/६ मा काठमाडौं जिल्ला अदालतबाट भएको आदेश कानूनसम्मत मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १३९ को उपदफा (२) को खण्ड (ख) बमोजिमको सजायको मागदाबी लिएको भए पनि निजका साथबाट पटाकालगायतका सामान्य विस्फोटक पदार्थहरू बरामद भएको देखिएको, निज प्रतिवादी पहिलो पटकको कसुरदार भएको, अपराधको परिस्थितिसमेत सामान्य रहेकोले निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ ले दिएको सुविधा प्रदान गर्न नमिल्ने भन्नु न्यायको रोहमा उचित नदेखिने।

अब निज निवेदक प्रतिवादी कैद / थुनामा बसेको अवधि गणना गरी निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको रोह रीत पुर्‍याई कैदबापतको रकम लिने सुविधा प्रदान गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

फैसला कार्यान्वयनको सिलसिलामा अदालतको आदेशबमोजिम निवेदक थुनामा रहेको देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७८ साल कार्तिक ३० गते रोज ३ शुभम्।**